# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २४४ | काठमाडौं | शनिबार, १९ पुस २०८२ | Prabhab National Daily | Saturday, 3 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## रास्वपाको समानुपातिक सूचीमा कुलमानपक्ष असन्तुष्ट

### छुट्टै सूची बोकेर निर्वाचन आयोग पुग्यो उज्यालो नेपाल पार्टी, तर आयोगले लिएन सूची




■ प्रभाव संवाददाता

**काठमाडौं–** समानुपातिक सूचीमा असन्तुष्टि जनाउँदै ऊर्जामन्त्री कुलमान घिसिङको संरक्षणमा स्थापना भएको दल उज्याले नेपाल पार्टी शुक्रबार निर्वाचन आयोग पुगेको छ । यसअघि घिसिङको दल उज्यालो नेपालले हप्ता दिनअघिमात्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग एकता गरेको थियो ।

एकतालगत्तै उज्यालो नेपालबाट १८ जना रास्वपाको समानुपातिक बन्दसूचीमा परेका थिए । जसमध्ये डा. राम लामादेखि धर्मलाल तामाङसम्मको नाम विवादमा तानिएपछि रास्वपामा विवाद बढेको छ । यही क्रममा शुक्रबार उज्यालो नेपालका अध्यक्ष अनुपकुमार उपाध्याय छुट्टै सूची बोकेर आयोग पुगेका हुन् ।

आयोगमा अध्यक्ष उपाध्यायले ५० हजार रूपैयाँ बुझाइसकेका कारण उज्यालो नेपालले फरक बन्दसूची बुझाउन पाइन्छ कि पाइन्न भनेर सोधेका थिए । उपाध्यायको नेतृत्वमा दिउँसो साढे २ बजे आयोग पुगेको टोलीले यस्तो प्रश्न गरेपछि आयोगको कर्मचारी अकमकिएका थिए । पुस १४ गते उज्यालो नेपालका बागमती प्रदेश संयोजक

● निर्वाचन आयोग पुगेको अनुपकुमार उपाध्यायसहितको टोलीले पुस १४ गते राति ५० हजार रूपैयाँ बुझाएको तर्कसहित छुट्टै बन्दसूची पेस गर्नेबारे सोधपुछ गरेको थियो

प्रवीण बल पुगेर ५० हजार रूपैयाँ बुझाउँदै समानुपातिकको निस्सा लिएका थिए ।

आयोग पुगेको उपाध्यायसहितको टोलीले पुस १४ गते राति ५० हजार धरौटी बुझाएको तर्कसहित छुट्टै बन्दसूची पेस गर्नेबारेमा छलफल गरेको थियो । तर आयोगका अधिकारीहरूले भने कानुनतः यो कुरा नमिल्ने जवाफ दिएका थिए । उपाध्याय रास्वपाको समानुपातिक सूचीमा छन् । एकतापछि पार्टीका संरक्षकसमेत रहेका घिसिङ रास्वपाको उपसभापति रहनेगरी सहमति भएको थियो । रास्वपाले भने अझैसम्म औपचारिकरूपमा यो एकतालाई सार्वजनिकरूपमा राखेको छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

# कांग्रेसले चार महिना पर धकेल्यो महाधिवेशन



बैठकले केन्द्रीय कार्यसमितिको म्याद जेठ मसान्तसम्म थप गरेको छ । पुससम्मको कार्यतालिका कार्यान्वयनको सम्भावना भएन । त्यसैकारण नयाँ कार्यतालिका आएको हो ।

■ **डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



अहिले कांग्रेसमा गगन थापालाई नेतृत्वमा आउन नदिन षड्यन्त्र भइरहेको छ । यसलाई चिर्ने काम हाम्रो हो ।

■ **फरमुल्लाह मन्सुर**
सहमहामन्त्री, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले १५औं महाधिवेशनको कार्यतालिका आगामी वैशाख २८ गतेदेखि ३१ गतेसम्म गर्नेगरी सारेको छ । केन्द्रीय कार्यसमितिले गत मंसिर १५ गते यही पुस २६ देखि २८ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका ल्याएकोमा यसलाई सारेर वैशाखमा पुऱ्याइएको हो ।

पुसको कार्यतालिका प्रभावित भएसँगै महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको आह्वान गरेका थिए । लगत्तै कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्काले केन्द्रीय कार्यसम्पादन बैठक डाकेर नयाँ कार्यतालिका प्रस्ताव गरेका थिए ।

उक्त कार्यतालिका बहुमतले पारित भएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । बैठकले केन्द्रीय समितिको म्याद जेठ मसान्तसम्म थपेको छ । 'बैठकले केन्द्रीय कार्यसमितिको म्याद जेठ मसान्तसम्म थप गरेको छ । पुससम्मको कार्यतालिका कार्यान्वयनको सम्भावना भएन । त्यसैकारण नयाँ कार्यतालिका आएको हो,' उनले भने । क्रियाशील सदस्यता टुंगो नलाग्दा महाधिवेशन सरेको महतको भनाइ छ । त्यससँगै कार्यतालिका संशोधन गरिएको उनले बताए । 'चैतबाट वडाको अधिवेशन सुरु हुन्छ । त्यसपछि वैशाखको २८ गते १५औं महाधिवेशनको उद्घाटन हुन्छ,' प्रवक्ता महतले भने ।

बैठकमा दुई महामन्त्री, सहमहामन्त्री फरमुल्लाह मन्सुर, अर्जुननरसिंह केसी र उमा रेग्मीले फरक मत राखेको महामन्त्री थापाले बताए । 'आजको बैठकमा कार्यवाहक सभापतिले कार्यविधि थप्दै महाधिवेशन वैशाखमा गर्ने प्रस्ताव गर्नुभयो । धारा ४३ को प्रयोग गरेर प्रस्ताव राख्नुभयो । हामी चार-पाँच जनाको फरक मत भयो तर बहुमतले प्रस्ताव पारित गऱ्यो,' थापाले भने ।

यसअघि पुस १६ बाट वडा अधिवेशन थालिने कांग्रेसको कार्यतालिका थियो । तर तोकिएको मितिमा अधिवेशन नथालेपछि महामन्त्रीद्वय थापा र शर्माले पुस २७ र २८ गतेका लागि विशेष महाधिवेशन आह्वान गरेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा




### यस्तो छ नयाँ कार्यतालिका

| अधिवेशन | मिति |
|---|---|
| गाउँ/नगर वडा अधिवेशन | चैत २१ |
| गाउँ/नगरिपालिका अधिवेशन | चैत २५ |
| प्रदेशसभा क्षेत्रीय अधिवेशन | चैत २८ |
| प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन | २०८३ वैशाख २ |
| दुई वा दुईभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन | २०८३ वैशाख ५ |
| प्रदेश अधिवेशन | वैशाख १० देखि १२ गते |
| केन्द्रीय महाधिवेशन | वैशाख २८, २९, ३० र ३१ गते काठमाडौंमा |

### महामन्त्री थापा भन्छन्– विशेष महाधिवेशन पुसमै हुन्छ



कांग्रेस महामन्त्री गगन थापाले आफूहरूले लिएको अडानबाट पछि नहटेको बताएका छन् । आफूसहित पाँच जनाले केन्द्रीय कार्यसम्पादनको बैठकमा पुसमै विशेष महाधिवेशन गर्नुपर्ने अडान राखेको उनले बताए ।

कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै थापाले विधानको उल्लंघन गर्ने छुट कसैलाई नरहेको बताए । 'हामीले आज फरक मत राखेका छौं । पार्टीका कार्यवाहक सभापतिसहित जिम्मेवार नेताले विधानको पालना गर्नुपर्छ । विधानको उल्लंघन गर्न छुट कसैलाई छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रम मन्त्रालयले रोस्टर अवधि बढाउन कूटनीतिक पहल गर्ने

### युवाहरूको आन्दोलन स्थगित

■ प्रभाव संवाददाता

काठमाडौं– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरियन भाषा परीक्षा उत्तीर्ण गरेकाहरूको रोस्टर अवधि थप गर्ने विषयमा कोरिया सरकारसमक्ष कूटनीतिक पहल गर्ने भएको छ । मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै हालको प्रणालीमा भएको रोस्टर सीमाका कारण भाषा परीक्षा उत्तीर्ण गरेकाहरू पनि अवसरबाट वञ्चित हुने देखिएकाले उक्त अवधि थप गर्ने सम्बन्धमा पहल गर्ने जनाएको हो ।

आन्दोलिन युवाहरूका अनुसार अबको केही समयमा कृषि तथा पशुपालन र पानी जहाज निर्माणतर्फका १० हजारभन्दा बढीको रोस्टर अवधि सकिन लागेको छ । दुई वर्षसम्म पर्खन लगाएर यति ठूलो संख्यामा युवाहरूलाई पीडित बनाउन नपाइने भन्दै उनीहरू गत बुधबारबाट आन्दोलनमा उत्रिएका थिए ।

मन्त्रालयले विज्ञप्तिमार्फत रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया जाने कोटा वृद्धि गर्ने विषयमा आवश्यक




कूटनीतिक पहल गर्ने पनि जनाएको छ । कोरियापक्षले भने इपिएस प्रणालीमार्फत विभिन्न १७ वटा मुलुकहरूबाट श्रमिक लग्दै आएको अवस्थामा सबैभन्दा बढी प्राथमिकता नेपाललाई दिएको बताउँदै आएको छ । मुलुकमा व्याप्त बेरोजगारी समस्याका कारण कोरीयाबाट केही हजारको माग हुँदा पनि लाखौंको आवेदन पर्ने गरेको छ । सन् २०२५ मा खुलेको पाँच हजार ३०० जनाको कोटामासमेत एक लाख तीन हजारको आवेदन परेको थियो ।

साथै, मन्त्रालयले रोस्टरमा रहेकाहरूको व्यक्तिगत विवरण रोजगारदातासमक्ष पठाउने




प्रक्रियालाई पारदर्शी र निष्पक्ष बनाउने विषयमा अध्ययन गर्न एक कार्यदल गठन गर्ने भएको छ । उक्त कार्यदलले रोजगारदाताकोकहाँ फाइल पठाउने विषयमा आवश्यक सुझाव पेस गर्नुपर्ने छ । आन्दोलित युवाहरूले रोस्टरमा रहेका कसैको फाइल १० पटकभन्दा बढी रोजगारदाताकोमा पुग्दा कसैको एक पटक पनि नपुग्नु शंकास्पद भएको बताउँदै आएका छन् । उनीहरूले आन्दोलनका क्रममा बिचौलिया भन्दै केही व्यक्तिको तस्बिरसमेत सार्वजनिक गरेका थिए ।

बिहीबार मन्त्रालयमा श्रममन्त्री राजेन्द्रसिंह भण्डारीको अध्यक्षतामा आन्दोरनरत पक्षका प्रतिनिधि, श्रमसचिव, वैदेशिक रोजगार विभागका महानिर्देशकलगायत मन्त्रालयका उच्चपदस्थ कर्मचारीको उपस्थितिमा छलफल भएको थियो ।

ग्वार्कोस्थित इपिएस कोरिया शाखामा भने शुक्रबार पनि आन्दोलनले निरन्तरता पायो । आन्दोलित युवाहरूले विगतमा पटक-पटक सरकारले आश्वासन दिए पनि व्यवहारमा कार्यान्वयन नभएको भन्दै माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने अडान राखेका छन् । यद्यपि, दुई देशबीचचको विषय समाधान गर्न समय लाग्ने भएपछि केही दिन आन्दोलन स्थगित गर्न तयार भएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# पाँच वर्षमा अवैध 'भर्चुअल' सम्पत्तिका ६५८ शंकास्पद कारोबार

- २०२५ को जुलाई १६ सम्ममा ८२ कारोबार र गतिविधिको जानकारी
- शंकास्पद कारोबार सबैभन्दा धेरै ९१ प्रतिशतभन्दा बढी वाणिज्य बैंकका
- भर्चुअल सम्पत्तिको शंकास्पद कारोबार गर्ने व्यक्तिको उमेर समूह हेर्ने हो भने ३५ प्रतिशत २६ देखि ३० वर्षका



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा अवैध मानिएको 'भर्चुअल' सम्पत्तिको शंकास्पद कारोबार पछिल्ला वर्षमा बढ्दै गएको पाइएको छ । नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले बिहीबार सार्वजनिक गरेको भर्चुअल सम्पत्ति (भर्चुअल एसेट) सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन, २०२५ (स्ट्राटेजिक एनालिसिस रिपोर्ट, २०२५ अन भर्चुअल एसेट) अनुसार पछिल्लो पाँच वर्षमा मात्र ६५८ शंकास्पद कारोबारको राष्ट्र बैंकले जानकारी पाएको छ ।

नेपालमा भर्चुअल सम्पत्तिको कारोबार अवैध हो । बिटकोइन, इथेरियमजस्ता क्रिप्टो, स्टेबलकोइन, युटिलिटी टोकन तथा अन्य टोकनाइज्ड एसेट भर्चुअल सम्पत्तिभित्र पर्छन् । जसलाई व्यापार गर्न, स्थानान्तरण गर्न, भुक्तानी तथा लगानीका लागि प्रयोग गर्ने गरिन्छ । प्रतिवेदनअनुसार २०२१ जनवरीदेखि २०२५ जुलाईसम्ममा ६५८ शंकास्पद कारोबार र शंकास्पद गतिविधिको जानकारी राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइले पाएको छ । सन् २०२१ मा १३, सन् २०२२ मा १७३, सन् २०२३ मा १३८ र सन् २०२४ मा २५२ वटा यस्तो कारोबार र गतिविधिको जानकारी एकाइलाई आएका छन् ।

त्यस्तै, २०२५ को जुलाई १६ सम्ममा ८२ कारोबार र गतिविधिको जानकारी राष्ट्र बैंकले पाएको छ । हालसम्म प्राप्त शंकास्पद कारोबार 'रिपोर्ट'अनुसार सबैभन्दा धेरै ९१ प्रतिशतभन्दा बढी अर्थात् ६०० वटा वाणिज्य बैंकका छन् । त्यस्तै, ४८ विकास बैंक, छ वटा रेमिटचान्स कम्पनी, दुई वित्त कम्पनी, एउटा भुक्तानी प्रणाली सञ्चालक र एउटा स्टक ब्रोकरसँग सम्बन्धित रहेको छ । यसरी जानकारीमा आएका शंकास्पद कारोबार र गतिविधिलाई राष्ट्र बैंकले विभिन्न निकायमा पठाउने गरेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## कांग्रेसले चार...

विशेष महाधिवेशनका लागि विशेष पक्षधरले काठमाडौंस्थित भृकुटीमण्डपको हलसमेत बुक गरिसकेको छ । विशेषपक्षले शुक्रबार बिहान पत्रकार सम्मेलन गरी विशेष महाधिवेशन बाध्यकारी भएको जानकारी दिएको थियो । 'कांग्रेससँग विशेष महाधिवेशनबाहेक अन्य कुनै विकल्प बाँकी रहेन । यो बाध्यकारी भएको छ,' विशेष महाधिवेशन पक्षधर नेता देवराज चालिसेले भनेका थिए । केन्द्रीय कार्यसम्पादनबाट महाधिवेशनको मिति संशोधन भएसँगै महामन्त्रीद्वय थापा र शर्मामाथि प्रश्न उठेको छ- अब विशेष महाधिवेशन के हुन्छ ?

### विशेषको औचित्य सकिएको संस्थापनको दाबी

कांग्रेस संस्थापनपक्षका नेताहरूले विशेष महाधिवेशनका औचित्य मंसिर १५ गते नै सकिएको दाबी गरेका छन् । कांग्रेस नेता विमलेन्द्र निधिले मंसिर १५ गते महाधिवेशनको कार्यतालिका ल्याएसँगै विशेषको औचित्य सकिएको तर्क गरेका हुन् । 'मंसिर १५ गते पुस २६ देखि २८ सम्म नियमित महाधिवेशन हुन्छ भनेर सर्वसम्मतिले निर्णय भयो । त्यसै दिनदेखि विशेष महाधिवेशनको औचित्य समाप्त भएको हो,' उनले भने ।

कांग्रेसको अनुशासन समितिले केन्द्रीय समितिले गरेको निर्णयभन्दा फरक अभ्यास गर्नेलाई विधानअनुसार कारबाही गरिने चेतावनी दिएका छन् । अनुशासन समितिका संयोजक आनन्द ढुंगानाले केन्द्रीय समितिको निर्णयविपरीत जानेलाई विधानबमोजिम कारबाही हुने चेतावनी दिएका हुन् ।

'अनुशासनको प्रचलित मापदण्ड र पार्टी विधानअनुसार कारबाही हुन्छ,' ढुंगानाले भने, 'केन्द्रीय समितिको निर्णयविपरीत गएर पार्टी विधानको उल्लंघन गर्नेहरू जो कोही भए पनि कारबाही हुन्छ ।'

### गगन रोक्न षड्यन्त्र गरिएको आरोप

कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुरले कांग्रेसको नेतृत्वमा गगन थापालाई रोक्न षड्यन्त्र थालिएको बताएका छन् । मन्सुरले अहिलेको अवस्थामा कांग्रेस र देशलाई संकटबाट पार लगाउन सक्ने व्यक्ति गगन नै भएकोले आफूहरू षड्यन्त्र चिर्ने काममा लागेको बताए । 'अहिले कांग्रेसमा गगन थापालाई नेतृत्वमा आउन नदिन षड्यन्त्र भइरहेको छ । यसलाई चिर्ने काम हाम्रो हो,' मन्सुरले भने ।

संस्थापनपक्षका नेताहरूले शक्तिको लोभमा षड्यन्त्र गरी नियमित महाधिवेशन अन्योलमा पारेको उनको आरोप छ । 'महाधिवेशन भयो भने हाम्रो शक्ति जान्छ, टिकट बाँड्न सक्दैनौं भन्ने भएर षड्यन्त्र गरी नियमित महाधिवेशन समयमा हुन नदिन क्रियाशील सदस्यता रोकेर अहिले समानुपातिक निर्वाचन प्रणालीको निर्णय भयो,' मन्सुरले भने, 'यो निर्वाचनमा ५ वटै सिट जिते पनि पार्टी कब्जा गरौं भन्ने नीतिका कारण यस्तो भएको हो ।'

■■■

## महामन्त्री थापा...

हामी फरक मत राख्यौं भनेर घरमा गएर सुत्दैनौं,' थापाले भने । महामन्त्री थापाले एक-दुई दिनभित्र बैठक बोलाएर विधानअनुसार माग भएको विशेष महाधिवेशन नबोलाइएमा आफूहरू टुलुटुलु हेरेर नबस्ने उनले बताए । महामन्त्री थापाले पुसभित्र कांग्रेसको विशेष महाधिवेशन हुने दाबी गरे । 'पुस मसान्तभित्र महाधिवेशन हुन्छ । केन्द्रीय कार्यसमितिले निर्णय गरेर हुन्छ कि नगरी हुन्छ त्यो भने एक दुई दिनभित्र टुंगिन्छ,' थापाले भने ।

अर्का महामन्त्री शर्माले पार्टीलाई एकताबद्ध बनाएर लैजान विशेष महाधिवेशन गर्नुपर्ने बताए । 'पार्टी फुटको कुरा आएको छ । यो हुनुहुँदैन । पार्टीलाई एकताबद्ध बनाएर लैजाने विकल्प नै विशेष महाधिवेशन हो,' शर्माले भने ।

■■■

## रास्वपाको ...

रास्वपाको बन्दसूचीमा उज्यालो नेपालमा रहेका नेताको नाम पछिल्तिर राखिएको भन्दै असन्तुष्टि देखिँदै आएको छ । उज्यालो नेपालले सिफारिस गरेका केही नेताहरू नपरेको हुँदा सो समूहभित्र छलफल भएको बताइएको छ । पछिल्लो समय कुलमानको दलका नेताहरूले कुनै छलफल नगरी पार्टी विलय गराएको भन्दै आपत्ति जनाउन थालेका छन् । विशेषगरी माओवादी केन्द्रबाट उज्यालो नेपालमा आएकाहरूले असन्तुष्टि पोख्न थालेका हुन् ।

गणतन्त्र र धर्मनिरपेक्षताबारे रास्वपाको धारणा स्पष्ट नरहेको भन्दै कुलमानको दलले रास्वपासँग छुट्टिने संकेत गरेको कतिपयले बताउने गरेका छन् । यता काठमाडौं महानगरका मेयर बालेन्द्र साहपक्षका नेताहरू पनि रास्वपाको बन्दसूचीप्रति असन्तुष्ट रहेको बताइएको छ ।

■■■

## श्रम मन्त्रालयले ...

आन्दोलनमा कृषि, पानी जहाज निर्माण र सिबिटीतर्फका परीक्षार्थीहरू सहभागी छन् । कोरियन भाषा परीक्षा दिँदा नै परीक्षा उत्तीर्ण गर्दैमा कोरिया जाने सुनिश्चित नहुने बताइन्छ । कोरियाले आवश्यकभन्दा तेब्बर या त्योभन्दा पनि खबढीलाई उत्तीर्ण गराउँदै आएको छ । तर उत्तीर्ण भएकामध्ये कम्तीमा ९० प्रतिशतको कोरिया जाने सुनिश्चितता हुनुपर्ने उनीहरूको माग छ ।

नेपाल र कोरिया सरकारबीच सन् २००७ मा एमओयू भएपश्चात् सन् २००८ बाट जिटुजीमार्फत नेपालीहरूलाई कोरिया लग्दै आएको छ । त्यसयता एक लाख २० हजारभन्दा बढी कामदारले कोरियामा रोजगारीको अवसर पाइसकेका छन् । आकर्षक तलब सुविधा, पारदर्शी प्रक्रिया, अदक्ष कामदार पनि जानसक्नेलगायतका कारण कोरिया रोजगारीमा युवाहरूको आकर्षण बढ्दो छ । गत आर्थिक वर्ष २०८१/८२ मा १२ हजार १४ जना इपिएसमार्फत कोरिया गएका थिए ।

■■■

## पाँच वर्षमा...

प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा राष्ट्र बैंकले २३२ वटा नेपाल प्रहरीलाई, ११५ वटा राजस्व अनुसन्धान विभागलाई, छ वटा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई, तीनवटा राष्ट्र बैंकअन्तर्गतको भुक्तानी सेवा विभागलाई र एउटा आन्तरिक राजस्व विभागलाई पठाएको छ । राष्ट्र बैंकका निर्देशक तथा वित्तीय जानकारी एकाइका प्रमुख वासुदेव भट्टराई शंकास्पद कारोबार बारेका जानकारी विभिन्न अनुसन्धान निकायलाई उपलब्ध गराएको र ती निकायबाट थप अनुसन्धान अघि बढ्ने बताउँछन् ।

'हामीले जानकारीमा आएका शंकास्पद भर्चुअल सम्पत्तिको कारोबारसँग सम्बन्धित विवरण विभिन्न निकायलाई उपलब्ध गराएका छौं । थप अनुसन्धान गर्ने, अदालतमा मुद्दा अभियोजन गर्ने र त्यहाँ पुष्टि भएपछि मात्रै यस्तो कारोबार भए-नभएको यकीन हुने हो,' उनले भने ।

भर्चुअल सम्पत्तिको शंकास्पद कारोबार गर्ने व्यक्तिको उमेर समूह हेर्ने हो भने ३५ प्रतिशत २६ देखि ३० वर्षका, २० प्रतिशत २१ देखि २५ वर्षसम्मका, २० प्रतिशत ३१ देखि ३५ वर्षका, १२ प्रतिशत ३६ देखि ४० वर्षका, १० प्रतिशत ४१ वर्षभन्दा माथि र तीन प्रतिशत १६ देखि २० वर्ष उमेर समूहका रहेका छन् । यस्तो शंकास्पद कारोबारमा सबैभन्दा धेरै २९ प्रतिशत विद्यार्थी रहेको पाइएको छ । त्यस्तै, २१ प्रतिशत जागिरे, १९ प्रतिशत विभिन्न व्यवसायका मालिक, पाँच प्रतिशत कृषि, दुई प्रतिशत इञ्जिनियर, नौ प्रतिशत वैदेशिक रोजगारमा गएका व्यक्ति तथा चार प्रतिशत स्वरोजगार रहेका छन् ।

चिकित्सक, धार्मिक व्यक्ति र गृहिणी समान एक-एक प्रतिशत छन् । २६ प्रतिशत व्यक्तिको बैंक अकाउन्ट बाइनान्स, क्रिप्टो, विटक्वाइन, हाइपर फण्ड, हाइपरभर्स, एमटी क्वाइनजस्ता भर्चुअल सम्पत्तिको खरिद-बिक्रीमा जोडिएको भनेर उनीहरूकै बैंक स्टेटमेन्टबाट देखिएको पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, १६ प्रतिशत व्यक्ति भर्चुअल सम्पत्तिको कारोबारमा संलग्न रहेको भनेर विभिन्न अनौपचारिक स्रोतबाट र इमेलबाट जानकारी पाएको, दुई प्रतिशत व्यक्तिले क्रिप्टो व्यापारका लागि अर्को व्यक्तिको बैंक खाता प्रयोग गर्ने (मनी म्युल) को प्रयोग गर्ने गरेका कारण शंकामा परेको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, पाँच प्रतिशत क्रिप्टो विटक्वाइन तथा स्केल टोकन खरिदका लागि डलर कार्डको प्रयोग गर्ने गरेको, दुई प्रतिशत ग्याम्बलिङ र क्रिप्टोमा संलग्न भएको, दुई प्रतिशत क्रिप्टो र हुण्डीमा संलग्न रहेको तथा चार प्रतिशतले क्रिप्टो फ्रड अर्थात् अरू व्यक्तिले त्यस्तो कारोबारका लागि प्रेरित गरेको प्रतिवेदनमा उल्लेख छ । ४२ प्रतिशत भने उनीहरूको कारोबारको अवस्था हेरेर शंकामा परेको प्रतिवेदनमा जनाइएको छ । उनीहरूको बैंक खातामा पटक-पटक रकम जम्मा गर्ने र झिक्ने गरेको पाइएका कारण शंकास्पद कारोबारका रूपमा चित्रित गरिएको प्रतिवेदनमा उल्लेख छ ।


### माइग्रेसन हराएको सूचना

मिति २०८२ /०८/०५ गते काठमाडौं, बसुन्धारा यरियाबाट मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : बबिना गिरी
रजिस्ट्रेसन.नं.: ७९३२७१०१०४१८
माइग्रेसन सि.नं.: M-०८५९१७७
ठेगाना: पालुङटार-५, गोरखा
सम्पर्क: :९८०४१०२१३२



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**विषेश दर्ता खारेजी १ दिने सूचना**

यस कार्यालयको मिति २०७४/०४/१६ मा दर्ता भएको **प्रा. लि. नं. १७२०७९** को **के.एस. प्रोडक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ क बमोजिम विषेश दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कुवेतमा रोजगार
कम्पनी : EASY JET DELIVERY CONSUMER ORDER

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 329214 चलानी नं. ६०२४३०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 40 | 0 | 140 | ६५,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २५ गते (9th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 329214 मिति: २०८२/०९/१८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

TARGET **Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७



### मलेसियामा रोजगार
कम्पनी : RENGO MALAY ESTATE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 336579 चलानी नं. ६०२५०१३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | 1700 | ६०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9803243166/9818224732 E-mail: wh.adm77427@gmail.com

### कतारमा रोजगार
कम्पनी : PATISSERIE SUISSE

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 328594 चलानी नं. ६०२४२४९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 2000 | ७९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 4 | 0 | 1000 | ३९,५९३ | | | | | | | |
| 3 | Sales Persons | 4 | 0 | 1500 | ५९,३८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**YUSHO GLOBAL PVT. LTD.** श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

### युएइमा रोजगार
कम्पनी : MAX DUCT AIR CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ LT. No. 336486 चलानी नं. ६०२५००६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1000 | ३९,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**OCTOPUS RECRUITMENT PVT.LTD**
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

### साउदीमा रोजगार
कम्पनी : EMAAR AL SHARQIAH READY MIX CONCREATE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 336543 चलानी नं. ६०२५०१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixture Driver | 5 | 0 | 1800 | ६९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २८ गते (12th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ९७१/०६७/०६८
**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

### साउदीमा रोजगार
कम्पनी : ABDULLAH SHAIBAN ABDULLAH AL DOSARI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 336537 चलानी नं. ६०२५००५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६९,१६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Workshop Worker | 2 | 0 | 1800 | ६९,१६९ | | | | | | | |
| 3. | Trailer Truck Driver | 13 | 0 | 1800 | ६९,१६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**R.B. RECRUITMENT SERVICE PVT. LTD** Govt. License 929/067/68
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9704524780/9851096571/9801095966, E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

शनिबार, १९ पुस, २०८२

| | |
|---|---|
| मेष | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| वृष | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| मिथुन | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| कर्कट | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| सिंह | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| कन्या | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| तुला | उतारचढावमा समय व्यतित हुनेछ । |
| वृश्चिक | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| धनु | विषेश काम, रोकिएका काम बन्नेछ । |
| मकर | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| कुम्भ | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| मीन | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ पुस, २०८२ (१ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.४७ | १४४.०७ |
| युरो | १ को | १६८.९० | १६९.६१ |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.६८ | १९४.४९ |
| स्विस फ्रैन्क | १ को | १८१.७३ | १८२.४९ |
| अस्ट्रेलियन डलर | १ को | ९६.३५ | ९६.७५ |
| क्यानाडियन डलर | १ को | १०४.९४ | १०५.३८ |
| सिङ्गापुर डलर | १ को | १११.६९ | ११२.१६ |
| जापानी येन | १० को | ९.१६ | ९.२० |
| चिनियाँ युआन | १ को | २०.४८ | २०.५६ |
| साउदी अरब रियाल | १ को | ३८.२५ | ३८.४१ |
| कतारी रियाल | १ को | ३९.२५ | ३९.४२ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.०६ | ३९.२२ |
| मलेसियन रिङेट | १ को | ३५.४४ | ३५.५९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९५ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १५.६६ | १५.७३ |
| डेनिस क्रोनर | १ को | २२.६१ | २२.७० |
| हङकङ डलर | १ को | १८.४६ | १८.५४ |
| कुवेती दिनार | १ को | ४६७.३४ | ४६९.३० |
| बहराइन दिनार | १ को | ३८०.४६ | ३८२.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



# ककनीका दुई विद्यालयमा ‘स्मार्ट एसेम्बली’ विद्यार्थी र शिक्षक उत्साहित

दिनेश यात्री/नुवाकोट

“ विद्यार्थीको स्वास्थ्य, शारीरिक तथा मानसिक अवस्थालाई तन्दुरूस्त राख्न नृत्य निर्देश छेडुप लामाले ‘स्मार्ट एसेम्बली’को सुरूआत गरेका हुन् । लामाको स्मार्ट एसेम्बली नृत्यमा आधारित छ । नृत्यलाई भौतिक विज्ञान, सामाजिक विज्ञान, गणित, मानसिक स्वास्थ्यजस्ता विषयसँग समायोजन गरी विशेष प्याकेज बनाएका छन् । पाठ्यक्रममा समावेश हुने जीवनउपयोगी नृत्य तथा स्मार्ट एसेम्बली परियोजनाको रूपमा उनले यसलाई अगाडि बढाएका छन् ।

शिक्षा क्षेत्रमा धेरै प्रविधिहरू भित्रिएका छन् । तर कतिपय प्रविधिमा भन्दा पनि हाम्रै आँखा अघिपछि भइरहेका गतिविधिहरूले स्थान नपाएको अवस्था छ । अझै भनौं पछिल्लो समय प्रविधि सँगसँगै हाम्रा विद्यालयका विद्यार्थी भाइबहिनीहरूको स्वास्थ्य अवस्थामा शारीरिक तन्दुरुस्त भने कम नै भइरहेको पाइन्छ ।

किनभने प्रविधि सँगसँगै उनीहरू हरेक खेलहरू मोबाइल, कम्प्युटरमै खेल्ने गरिरहेका छन् । प्रविधिका साधनहरूकै कारण पहिलेजस्तो शारीरिक क्रियाकलापहरू अहिले विरलै पाइन्छ । त्यसै अनुरूप पनि हाम्रा विद्यार्थी भाइबहिनीहरू विद्यालयमा पढ्न बस्दा अल्छी हुने, झोक्राउने, सुस्त हुने खालको समस्या देखिरहेका छौं । मन अन्त डुलाउने केही उफ्रियो अथवा थोरै मात्र चल्यो भने पनि शरीरका अंगहरू दुख्ने भएर पनि उनीहरू केही रोगी अवस्थामा पुगेको स्वाथ्यविज्ञहरू बताउँछन् ।

यस्तै विषयलाई मध्यनजर गर्दै नृत्य निर्देशक छेडुप लामाले सुरु गरे ‘स्मार्ट एसेम्बली’ । विद्यार्थीको स्वास्थ्य, शारीरिक तथा मानसिक अवस्थालाई तन्दुरुस्त राख्न उनले यसको सुरुआत गरेका हुन् । लामाको स्मार्ट एसेम्बली नृत्यमा आधारित छ । नृत्यलाई भौतिक विज्ञान, सामाजिक विज्ञान, गणित, मानसिक स्वास्थ्यजस्ता विषयसँग समायोजन गरी विशेष प्याकेज बनाएका छन् । पाठ्यक्रममा समावेश हुने जीवनउपयोगी नृत्य तथा स्मार्ट एसेम्बली परियोजनाको रूपमा उनले यसलाई अगाडि बढाएका छन् ।

लामाको यही स्मार्ट एसेम्बली परियोजना नुवाकोटको ककनी गाउँपालिकास्थित रानीपौवामा अवस्थित भवानी माध्यमिक विद्यालय र बेलकोटमा अवस्थित नवजीवन माध्यमिक विद्यालयमा सम्पन्न गरियो । जसमा नृत्य निर्देशक लामाले करिब एक हजार २०० भन्दा बढी विद्यार्थीलाई स्मार्ट एसेम्बलीमा सहभागी गराएका थिए । यसले विद्यार्थीहरूलाई निकै उत्साहित बनाएको छ । यसमा सहभागी विद्यार्थीहरूले स्मार्ट एसेम्बलीको निरन्तर अभ्यास आफूहरूका लागि उपयोगी बन्न सक्ने बताए ।

विद्यार्थीमात्रै होइन, विद्यालयका शिक्षकहरूले पनि स्मार्ट एसेम्बली उपयोगी भएको बताए । यसको अभ्यासपश्चात् विद्यार्थीहरूको शारीरिक मात्र नभई मानसिक तथा संस्कारलगायत सम्पूर्ण क्रियाकलापमा परिवर्तन आएको उनीहरूको भनाइ छ । नवजीवन माध्यमिक विद्यालयका प्रधानाध्यापक विनोद लामा स्मार्ट एसेम्बलीले विद्यार्थीलाई स्मार्ट बनाउन उपयोगी रहेको बताउँछन् । एक हप्तामा विद्यार्थीहरूमा यसले परिवर्तन ल्याएको उनले बताए ।

भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक जन्मजय लामाले पनि यस्तै प्रतिक्रिया दिए । उनी भन्छन्, ‘हामीले विद्यालयमा साधारणतया पिटी गराउँदै आएका थियौं । तर छेडुप लामा सर आएर अलि फरक किसिमको पिटी गराइदिनुभयो । यसमा विशेषगरी विद्यार्थीहरू नृत्यमा रमाउँदै पनि गर्ने, पिटी पनि गर्दै गर्ने र आफ्नो क्षमताको विकास पनि गर्दै गर्ने शैली एकदम राम्रो लाग्यो ।’

आफ्ना विद्यालयका विद्यार्थीहरूले स्मार्ट एसेम्बलीलाई सकारात्मकरूपमा ग्रहण गरेको उनले सुनाए । ‘यो नृत्य सँगसँगै क्षमता अभिवृद्धिमा उपयोगी देखियो । नृत्यमात्रै नभई धेरै कुराहरू यसमा समावेश गराइदिनुभएको छ । यो परियोजनालाई देशैभरिका विद्यालयमा लागू गराउन सके निकै प्रभावकारी हुने थियो । शिक्षा क्षेत्रमा एउटा खुड्किलो थपिने थियो,’ प्रधानाध्यापक लामाले भने ।

ककनी गाउँपालिकाका सहायक विद्यालय निरीक्षक महेशप्रसाद बडुले स्मार्ट एसेम्बली शारीरिक, मानसिक तथा हरेक कुरामा विद्यार्थीहरूलाई तन्दुरुस्त गराउने एउटा उपाय रहेको आफूले बुझेको बताए । ‘स्मार्ट एसेम्बली उत्प्रेरणा दिने खालको एउटा रोचक अभ्यास पनि हो भन्ने मैले बुझेँ । किनभने विद्यार्थी भाइबहिनीहरूलाई शारीरिक, मानसिक तथा हरेक कुरामा तन्दुरुस्त राखेर बिहानीको क्षणदेखि नै बेलुकीसम्म उनीहरूलाई एकदम प्रभावकारी बनाएको मैले पाएँ,’ उनले भने ।

स्मार्ट एसेम्बलीमार्फत विद्यार्थीहरूले हाम्रो संस्कारलाई ब्युँताएको अनुभव पनि उनले सुनाए । ‘आफ्ना आफन्त, अग्रज मान्यजनहरू आउँदा नमस्कार अथवा संस्कारअन्तर्गत नै उनीहरूले गर्नुपर्ने सम्मानहरू भुलिसकेका रहेछन् । यस स्मार्ट एसेम्बलीपश्चात् उनीहरूले झुकेर आफूभन्दा ठूला, गुरु वर्ग, आमाबुवालगायत साथीहरूलाई नमस्कार गर्नसमेत सिकेका छन्,’ बडुले भने ।

ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङ स्मार्ट एसेम्बली साँच्चिकैको ‘स्मार्ट’ रहेको बताउँछन् । ‘स्मार्ट एसेम्बलीले प्रभावकारीरूपमा काम गरेको हामीले पायौं । थोरै समयमा राम्रो परिवर्तन देख्न पाइएको छ । पछिल्लो समय प्रविधिले विद्यार्थीहरूलाई अल्छी बनाएको थियो, स्मार्ट एसेम्बलीले उनीहरूलाई जाँगरिलो र तन्दुरुस्त बनाएको हामीले महसुस गऱ्यौं,’ अध्यक्ष लामाले भने ।

# गरिबीको चट्टान चिर्दै ‘डाक्टर’ बन्ने यात्रामा सत्यनारायण



सुदिप राउत/सिरहा

दिनभरि इँट्टा-बालुवासँगको संघर्ष, रातभरि डाक्टर बन्ने संकल्प । यही संघर्ष र संकल्पका कारण सिरहाका सत्यनारायण साफीले प्रमाणित गरिदिएका छन्- अभावले बाटो छेक्न सक्छ, तर गन्तव्य रोक्न सक्दैन । भनिन्छ नि, चट्टान फोरेर पनि पिपल उम्रिन्छ । सत्यनारायणको यो सफलताले त्यो भनाइलाई व्यवहारमै चरितार्थ गरिदिएको छ । कठोर गरिबी र अभावको चट्टानलाई छिचोल्दै उनले झुपडीबाट देखेको सपना साकार हुने चरणमा पुगेको छ, यसले अभाव देखाएर भाग्ने देशभरका युवालाई पनि ‘अठोटका अगाडि बाध्यता हार्छन्’ भन्ने सन्देश प्रवाह गरेका छन् ।

हुलाकी लोकमार्गको बरियारपट्टि चोकबाट तीन किलोमिटरभित्र पर्छ श्रीपुर गाउँ । यो गाउँका स-साना छाप्राहरूको लहर छिचोलेपछि एउटा यस्तो झुप्रो भेटिन्छ, जुन गरिबीले ढल्नै लागेको छ, तर घरभित्र उम्रेको आशाले त्यसलाई टेको दिइरहेको आभाष हुन्छ । यहीभित्र अभाव र अँध्यारोसँग जुध्दै सत्यनारायणले एउटा चम्किलो सपना सजाए अर्थात् ‘डाक्टर’ बन्ने सपना । आज त्यही झुप्रोबाट पलाएको सपनाले पूर्णता पाउने बाटो तय गरेको छ ।

यो सफलता त्यत्तिकै मिलेको होइन, सत्यनारायणले सुनाएअनुसार आमा सुनितालाई वर्षौंदेखि टाउको दुख्ने समस्या थियो । बुबा कतारमा पसिना बगाइरहेका बेला आमालाई अस्पताल लैजाने जिम्मेवारी कलिलो उमेरमै सत्यनारायणको काँधमा आयो । उनी आमाको हात समाउँदै अस्पतालका गल्ली-गल्ली चहार्थे । डाक्टरले औषधि लेखिदिन्थे, औषधि खाँदा केही दिन निको हुन्थ्यो, तर फेरि उही पीडा दोहोरिन्थ्यो । अस्पतालका ती लामा लाइन, बिरामीहरूको चित्कार र आमाको अनुहारमा देखिएको असह्य पीडाले उनको बालमस्तिष्कमा गहिरो चोट पुऱ्यायो ।

ती दिनहरू सम्झँदै सत्यनारायण भन्छन्, ‘औषधि खाँदा केही दिन निको हुने, फेरि उही पीडा दोहोरिने । आमाको त्यो पीडाले मेरो बाल्यकालको सोच नै बदलिदियो । अस्पतालमै उभिएर मैले कसम खाएँ, म डाक्टर बन्छु ।’

यही अठोटले हो, उनको सपना बदलिदिएको, त्यही सपनाले आज जीवनको दिशा नै बदलिदिने आधार तय गरिरहेको छ । सुरुमा उनलाई एमबिबिएसको प्रवेश परीक्षा कसरी दिने, कति खर्च लाग्छ वा कति पढ्नुपर्छ भन्ने केही ज्ञान थिएन । थियो त केवल एउटा दृढ संकल्प । सत्यनारायणले गाउँकै जनता माध्यमिक विद्यालयबाट २०७७ सालमा एसइई उत्तीर्ण गरे । पढाइमा तेज भएकै कारण उनले विराटनगरको अरनिको उच्च माविबाट विज्ञान विषय लिएर कक्षा १२ को पढाइ पूरा गरे । त्यसपछि उनको वास्तविक संघर्षको अध्याय सुरु भएको हो ।

“ मैले गरिबीको कारण काठमाडौं छोडेँ, तर सपना छोडेको होइन । मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ । त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको संकल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो । आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट ।

जब म काठमाडौंबाट रित्तो हात गाउँ फर्किएर मजदुरी गर्न थालेको थिएँ, मलाई लाग्थ्यो यो लडाइँमा म एक्लै छु । आज देशैभरिबाट मनकारी महानुभावहरूले देखाउनुभएको यो माया देख्दा म भावुक भएको छु । यो सहयोग केवल पैसामात्र होइन, यो मप्रतिको भरोसा र समाजको ऋण हो, जुन म जीवनभर सेवा गरेर तिर्ने छु ।

‘सपना त देखियो, तर घरमा बसेर हुनेवाला थिएन । सपना पछ्याउन घर छोड्नुपर्ने भयो । एमबिबिएसको तयारीका लागि काठमाडौं पुगेँ, तर आर्थिक अभावको पहाडले थिच्यो । तीन महिनामै काठमाडौं छाडेर घर फर्किंए । उता बुबा पनि कतारको रोजगारी गुमाएर घर फर्किनुभयो । परिवारमा ‘भोक कि पढाइ’ भन्ने संकट आइलाग्यो,’ सत्यनारायणले सुनाए ।

## हातमा दशथोक, मनमा पुस्तक

परिस्थितिसँग हार मान्ने उनको स्वभाव थिएन । काठमाडौंमा बसेर तयारी गर्ने सपना अधुरै छाड्नुपरेपछि गाउँ फर्किए । गाउँमै निर्माण मजदुरको काम रोजे । दिनभर चर्को घाममा मिस्त्रीसँगै गारो लगाउने, सिमेन्ट बोक्ने र निर्माणको काम गर्ने सत्यनारायणको दैनिकी बन्यो । शरीर थकित हुन्थ्यो, हातखुट्टा गल्थे, तर रात पर्नासाथ उनको मन फेरि पढाइतर्फ फर्किन्थ्यो । बत्तीको मधुरो उज्यालोमा उनी चिकित्सा शिक्षाका पुस्तक पल्टाउँथे र प्रवेश परीक्षाको तयारीमा डुब्थे ।

‘मैले गरिबीको कारण काठमाडौं छोडेँ, तर सपना छोडेको होइन । मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ । त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको संकल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो । आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट,’ मलिन मुद्रामा सत्यनारायणले विगत सम्झँदै भने ।

यही अठोटले उनको संघर्षले नयाँ गोरेटो तय गऱ्यो । मजदुरीबाट हातमा परेको सीमित ज्यालाबाट घरखर्च कटाएर बाँकी बचेको पैसाले उनी किताब किन्थे । कतिपय रात त उनले भोकभोकै पनि किताबका पाना पल्टाएर सपनाको खोजी गरे । सत्यनारायण भन्छन्, ‘मेरो कोठामा किताबकै सिरानी र किताबकै ओछ्यान हुन्थ्यो ।’ त्यही किताबबीच बिताएका अनगिन्ती रातहरूले उनलाई मेडिकल कलेजको ढोकासम्म पुऱ्याएको हो ।

## सफलताको उडान: पहिलो प्रयासमै नाम

काम सजिलो थिएन, तर सपना पनि त चानचुने थिएन । त्यसैले घरमै दुई वर्षको कठोर अध्ययन र मजदुरीपछि उनले चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षा दिए । नतिजा आउँदा सबै अचम्मित भए । सत्यनारायणले मधेसी दलित आरक्षण कोटामा पूर्णछात्रवृत्तिमा नाम निकाल्न सफल भए । उनको तपस्याले अन्ततः प्रतिफल दियो । यो खबर सुन्दा परिवारमा खुसीको सीमा छैन ।

क्रमशः पृष्ठ ५ मा

# थारु बस्तीमा माघी पर्वको तयारी सुरु



**देउखुरी (दाङ)**– माघी पर्व नजिकिएसँगै यहाँका थारु बस्तीमा तयारी सुरु भएको छ । थारु समुदायले नयाँ वर्षका रूपमा यो पर्व आउनुभन्दा एक महिनाअघिदेखि तयारी गर्ने चलनअनुसार आजभोलि थारु बस्तीका स्थानीयको व्यस्तता बढेको छ ।

यस पर्वमा थारु समुदायमा गाउँका महतवा (अगुवा) को घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने परम्परा रहेको घोराही उपमहानगरपालिका-७ शुक्रबारकी रमा चौधरीले बताइन् । उनले भनिन्, ‘माघीको तयारीका लागि वनबाट दाउरा, पात ल्याएका छौं । पातको दुनाटपरी गास्ने काम गरिरहेका छौं । ढिक्री, रोटी, जाँड पकाउन धान, चामल कुटाउने र पिसाउने काम पनि सुरु भएको छ ।’

खानाका परिकार बनाउनका लागि एक महिनाअघिदेखि तयारी गरेर माघेसंक्रान्तिका दिनदेखि चार-पाँच दिनसम्म माघ पर्व मनाउने प्रचलन रहेको छ । घोराही-२ का सुशील चौधरीले थारु समुदायले माघमा गाउँको मुखिया, घरमुली चुन्ने, चौकीदार, नयाँ नियम लागू गर्ने, संशोधन गर्ने भएकाले पनि यसलाई विशेषरूपमा लिने गरिएको बताए । वर्षभरि गरेका कामको समीक्षा र आगामी कार्ययोजना बनाउने पर्वका रूपमा पनि माघीलाई लिने गरिएको उनले सुनाए ।

थारु समुदायका पुरुषले माघीको अघिल्लो दिन आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिस एकैठाउँ जम्मा भएर आगो ताप्ने र भालेबासेसँगै नदी वा खोलामा नुहाउने प्रचलन छ । नुहाएर आएपछि आफूभन्दा ठूलालाई ढोगभेट गरी आशीर्वाद लिने र घरमा खिचडी दान गर्ने प्रचलन रहेको छ । खिचडीमा मासको दाल, चामल र नुन राखिएको हुन्छ । यो खिचडी पुर्खा, देवीदेवता र चेलीबेटीका लागि छुट्याउने गरिएको थारु कल्याणकारिणीसभा दाङका अध्यक्ष अशोक चौधरीले बताए । ‘छुट्याइएको खिचडी घरका सदस्यले खान मिल्दैन र पाहुर (कोसेली)का रूपमा चेलीबेटीका घरमा पुऱ्याउने प्रचलन छ,’ उनले भने ।

माघीको अघिल्लो दिन बिहानै गाउँघरका मानिस जम्मा भई बंगुर, सुँगुर मारेर (थारु भाषामा जिता मार्ना) बराबरी बाँड्ने चलन छ । घोंगी, गँगटा र माछाको विशेष परिकार बनाएर खानुका साथै यस अवसरमा ‘मघौटा नाच’ नाच्ने गरिन्छ ।

घोराही- ६ का थारु अगुवा भीमबहादुर चौधरीका अनुसार थारु समुदायमा माघ महिनालाई नयाँ वर्षका रूपमा लिने गरिन्छ । पुस मसान्तमा आ-आफ्नो लेनदेन, हरहिसाब चुक्ता गर्ने र माघको १ गतेदेखि नयाँ हिसाबकिताब सुरु गर्ने चलन छ । माघीमा परिवारभित्र होस् या गाउँ समुदायमा आगामी वर्षका लागि खेतीपातीसहित अन्य व्यवहारको नवीकरण गरिने उनले उल्लेख गरे ।

माघी महोत्सवको तयारी

माघ नजिकिँदै गएसँगै थारु समुदायसँग सम्बन्धित संघसंस्थाले धमाधम सांस्कृतिक महोत्सव आयोजना गर्न थालेका छन् । थारु समुदायको सबैभन्दा ठूलो पर्व माघीका अवसरमा यही पुस १९ गते घोराही उपमहानगरपालिका-१५ सहिद पार्कमा माघी महोत्सव हुने भएको छ । थारु कल्याणकारिणी सभा दाङका अध्यक्ष चौधरीले भने, ‘थारु भाषा, साहित्य तथा लोक कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले माघी महोत्सवको आयोजना गरिएको हो ।’

यसै अवसरमा थारु सम्वत् २६४९ आयोजना गरिने भएको छ । थारू समुदायको मौलिक कला, संस्कृति, वेषभूषा तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको अध्यक्ष चौधरीले बताए । महोत्सवमा मघौटा नाचसहित थारू सांस्कृतिक नाचगान, झाँकी प्रदर्शन तथा विभिन्न सांस्कृतिक कार्यक्रम समेटिने आयोजकले जनाएको छ । यस्तै, महोत्सवमा थारु परिकारहरू घोंघी, माछा, गंगटा, ढिक्री, अनदीको रोटीलगायत परिकारको बिक्री तथा वितरण गरिने छ । साथै, थारू भाषाका विभिन्न पुस्तक र हस्तकलाका सामग्री पनि प्रदर्शनी तथा बिक्रीका लागि राखिने अध्यक्ष चौधरीले जानकारी दिए । *रासस*

## म्याग्दीमा ११५ थान बन्दुक बरामद

**म्याग्दी (प्रस)**– यहाँ ठूलो संख्यामा अवैध हातहतियार बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालयले गत मंसिर १५ गतेदेखि अवैध भरुवा बन्दुक संकलनका लागि सुरु गरेको ‘अप्रेसन ब्राभो सेरा’ अभियानबाट एक महिनाकै अवधिमा ११५ थान अवैध भरुवा बन्दुक बरामद गरेको हो ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा तथा वन जंगलमा हुने चोरी-सिकारलाई मध्यनजर गर्दै सञ्चालन गरिएको अवैध हातहतियार खोजी अभियानबाट अहिलेसम्मकै धेरै भरुवा बन्दुक नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा धेरै रघुगंगा गाउँपालिका क्षेत्रबाट ४८ थान भरुवा बन्दुक बरामद भएको छ । अन्नपूर्ण गाउँपालिका क्षेत्रबाट १६, मालिका गाउँपालिका क्षेत्रबाट २०, मंगला गाउँपालिका क्षेत्रबाट १४, धवलागिरि गाउँपालिका क्षेत्रबाट छ र बेनी नगरपालिका क्षेत्रबाट ११ थान इजाजतपत्र नभएका भरुवा बन्दुक बरामद भएको छ ।

म्याग्दीमासमेत पर्ने ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र र विभिन्न सामुदायिक वनहरूमा चोरी-सिकार बढेको तथा गाउँघरमा आपसी विवाद र झै-झगडामा समते भरुवा बन्दुकको दुरूपयोग हुने जोखिम बढेकाले इजाजतपत्र नलिईकन लुकाइ-छिपाइ राखिएका भरुवा बन्दुकलाई संकलन गरी बरामद गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय र मातहतका एकाइबाट भएका गस्ती तथा स्थानीयवासीबाट प्राप्त सूचनाका आधारमा गोठ, जंगल, खोलाखोल्सा तथा बसोबास नभएका खाली घरमा लुकाएर राखेको अवस्थामा अवैध बन्दुक बरामद भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिए ।

# आलोपालो दिवा खाजा बनाउँछन् भाग्योदयका अभिभावक




**वालिङ (स्याङजा)**– स्याङजाको भीरकोट नगरपालिका-६ उजेलीडाँडामा रहेको भाग्योदय माध्यमिक विद्यालयका अभिभावकले विद्यालयमै उपस्थित भएर दिवा खाजा बनाउने गरेका छन् ।

नेपाल सरकारले बाल सिकाइदेखि कक्षा ६ सम्मका विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराएकाले अभिभावकले आलोपालो विद्यालयमा उपस्थित भएर खाजा बनाएर खुवाउने गरेका हुन् । विद्यालयमा बाल विकासदेखि कक्षा ६ सम्मका बालबालिकालाई दिवा खाजा पकाउनका लागि छुट्टै चमेना गृह सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक रेशम खनालले बताए ।

‘बाल विकासदेखि कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीलाई छ बार छ प्रकारका खाना बनाउनका लागि विद्यालयले एकजना भान्से नियुक्त गरेको छ,’ उनले भने, ‘एक जना भान्सेलेमात्रै सबै विद्यार्थीलाई खाना बनाएर खुवाउन अप्ठभनोरो हुने भएकाले अभिभावकहरूले सहयोग गर्दै आउनुभएको छ ।’

विद्यालयले दिवा खाजाको व्यवस्थापनका लागि अभिभावकको भेला राखेर प्रत्येक दिन तीन जना अभिभावक विद्यालयमा उपस्थित भएर दिवा खाना, खाजा बनाउने निर्णय गरेसँगै अभिभावक नियमित आउने गरेको उनले बताए । विद्यालयले अभिभावकको नामावलीसहितको तालिका बनाएर दिवा खाजा बनाउन अभिभावकलाई जानकारी गराउँदै आएको छ ।

बाल विकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकालाई प्राप्त भएको दिवा खाजाबापतको रकमले खाजा खुवाउन पनि अपुग हुने भएकाले विद्यालयले आन्तरिक व्यवस्थापन गरी अघाउञ्जेल खाना, खाजा खुवाउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छायाराम खनालले बताए ।

‘आइतबारदेखि शुक्रबारसम्म बालबालिकालाई बारअनुसार फरक फरक खाना, खाजाका परिकार बनाएर खुवाउँछौं,’ उनले भने, ‘अभिभावकहरूले आलोपालो विद्यालयमा उपस्थित भएर खाना, खाजा बनाएर सहयोग त गर्नुभएकै छ, त्यसको अलावा मासिकरूपमा २०० रूपैयाँ पनि खाजाबापतको रकम भुक्तानी दिनुहुन्छ ।’

नमूना विद्यालयका रूपमा रहेको यस विद्यालयले विद्यालयपरिसरमै पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत च्याउ, विभिन्न तरकारी र ड्रागन फ्रुटसमेत लगाएको छ । बाल विकासदेखि कक्षा ६ सम्म दैनिक १८५ बालबालिकाले खाना, खाजा खाने गरेका भान्से सरिता रेग्मीले बताइन् ।

‘कुन बार कुन परिकार बनाउने भन्ने तालिका छ सोहीअनुसार छुट्टाछुट्टै बार छुट्टाछुट्टै परिकार पकाउने गर्छौं,’ उनले भनिन्, ‘धेरै जना विद्यार्थी हुँदा खाना बनाउन, खुवाउन समस्या हुने गरेकाले दैनिक तीन/तीन जना आलोपालो गरेर अभिभावक आएर खाजा बनाउने खुवाउने गर्छौं ।’ सो विद्यालयमा बाल विकासदेखि कक्षा १२ सम्म पढाइ हुने गरेको छ । कक्षा ७ देखि १२ सम्मका विद्यार्थीका लागि खाजाका लागि विद्यालय परिसरमै छुट्टै चमेना गृहको व्यवस्था रहेको छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## गरिबीको चट्टान...

यद्यपि, छात्रवृत्तिले पढाइ शुल्क निःशुल्क भए पनि आवास र अन्य शैक्षिक सामग्रीको खर्च जुटाउने चिन्ता बाँकी नै थियो । बुबा मधुरी साफी भन्छन्, ‘छोराले आफ्नो मिहेनतले डाक्टर पढ्ने बाटो त खोल्यो, तर अब यसलाई पूरा कसरी गराउने भन्ने चिन्ता छ । हामीसँग सम्पत्तिको नाममा केही धुर जग्गाबाहेक केही छैन । कक्षा भर्नाका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङसम्म पुग्ने र बस्ने खाने समस्याले क्षणिक खुसीलाई अन्धकारतर्फ धकेल्दै थियो ।’

### जब प्रविधिको सहाराले ‘भाइरल’ बने

सत्यनारायणको कथा सामाजिक सञ्जालमा चर्चामा आएपछि देशैभरबाट सहयोगी हातहरू उनको झुपडीसम्म पुग्न थालेका छन् । प्रविधिको सहारामा उनको सफलताको चर्चा देश, विदेशमा पुगेको छ । विस्तारै आर्थिक सहयोग गर्नेहरू थपिँदै छन् । सहयोगी मनहरू जुर्मुराएका छन् । यो सहयोगले उनलाई केही राहत त दिएको छ ।

सहयोगी हातहरू झुपडीसम्म आइपुग्दा सत्यनारायणको आँखामा एकातिर कृतज्ञताको भाव देखिन्छ भने अर्कोतिर आफ्नो जिम्मेवारीप्रतिको गहिरो बोध । चारैतिरबाट पाइरहेको साथ र शुभेच्छापछि उत्साहित बनेका सत्यनारायण भन्छन्, ‘जब म काठमाडौंबाट रित्तो हात गाउँ फर्किएर मजदुरी गर्न थालेको थिएँ, मलाई लाग्थ्यो यो लडाइँमा म एक्लै छु । आज देशैभरिबाट मनकारी महानुभावहरूले देखाउनुभएको यो माया देख्दा म भावुक भएको छु । यो सहयोग केवल पैसामात्र होइन, यो मप्रतिको भरोसा र समाजको ऋण हो, जुन म जीवनभर सेवा गरेर तिर्ने छु ।’

उनलाई आफूजस्तै अन्य गरिब विद्यार्थीहरूको भविष्यको पनि चिन्ता छ । भन्छन्, ‘म त भाग्यमानी रहेछु र सबैको नजरमा परेँ, तर म जस्ता हजारौं सत्यनारायणहरू आज पनि गाउँका कुनाकाप्चामा मजदुरी गर्दै सपना मारिरहेका छन् । राज्यले यस्तो प्रणाली बनाओस् कि कोही पनि प्रतिभाशाली विद्यार्थीले पैसाकै अभावमा किताब फाल्नु नपरोस् । सपना मार्न नपरोस् ।’

### आरक्षणः सीमान्तकृतका लागि वरदान

सत्यनारायणको यो सफलतामा मिहेनतसँगै नेपालको समावेशी आरक्षण व्यवस्थाको पनि ठूलो भूमिका छ । मधेस मामिला जानकार प्रा.डा. विजयप्रसाद मिश्र आरक्षणको व्यवस्थाको महत्त्व सत्यनारायणजस्ता धेरै युवाहरूको सफलताले थप सान्दर्भिक बनाउँदै लगेको बताउँछन् । भुइँमान्छेहरूले आफ्नो अधिकार सही प्रयोग नगरेसम्म र ओझेलमा परेको समुदायलाई अवसर नदिएसम्म लोकतन्त्र बलियो हुँदैन भन्ने कुरा यसबाट बुझ्नुपर्ने उनको भनाइ छ । प्रा.डा. मिश्र भन्छन्, ‘आरक्षणलाई अझै वैज्ञानिक बनाउनुपर्छ, यसलाई भुइँमान्छेले लाभ लिने गरी अझै व्यवस्थित बनाउनुपर्छ । कुन समुदाय पछाडि छ भन्ने बुझ्न प्रत्येक १० वर्षमा यसको समीक्षा गर्दै अगाडि बढ्नुपर्छ ।’

सत्यनारायण साफी युवाहरूका लागि प्रेरणाको बलियो स्रोत बनेका छन् । झुपडीमा फुलेको उनी र उनीजस्तै युवाहरूको ‘सपनाको बीउ’ लाई फक्राउन सरकार र सरोकार भएकाहरूको सहयोगको खाँचो छ । *रासस*


**उत्तरगया गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लहरेपौवा, रसुवा**

**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०९/१९**

प्रस्तुत विषयमा यस उत्तरगया गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि मिति २०८२/०८/०८ गते राष्ट्रिय स्तरको पत्रिकामा विद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशन भएअनुसार यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतिय बोलपत्रबाट तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

**तपशीलः**

| क्र. स. | ठेक्का नं | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | URM/NCB/ WORKS/ 01/2082/083 | Laharepauwa Health Post and Bogatitar Community Health Center Infrastructure Development ward 4 and 5 | Sushant Construction, Gosainkunda RM-6, Rasuwa | Rs. 46,35,704.24 |

**प्रमुख प्रशासकीय अधिकृत**



**साउदीमा रोजगार** कम्पनी : HASSAN BIN ALI AL SANAD & PARTNERS CO.

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/१८ | LT. No. 322368 | चलानी नं. ६०२३६४९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLODING WORKER | 3 | 0 | 1000 | ३८,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**युएइमा रोजगार** कम्पनी : BAIT SIDRA BEAUTY SPA

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336328 | चलानी नं. ६०२४९९९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 1 | 1500 | ५८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicurist | 0 | 2 | 1500 | ५८,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082

**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**

Bafal-13, Kathmandu, Nepal, T: 01-5922923

Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



**कतारमा रोजगार** कम्पनी : YASINCO CLENANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336375 | चलानी नं. ६०२५००६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 0 | 10 | 1000 | ३९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaners / public building | 0 | 10 | 1000 | ३९,५९० | | | | | | | |

कम्पनी : AL MAWED FOR CLEANING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | LT. No. 336376 | चलानी नं. ६०२५००६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaners / public building | 0 | 7 | 1000 | ३९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET **Target Consultant Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



**जापानमा रोजगार** कम्पनी : GAKUBUN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | LT. No. 336511 | चलानी नं. ६०२५००४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 2 | 0 | 180000 | १,६६,००७ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस २६ गते (10th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SANTI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. १४९५/०७४/०७५

Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769, Mob: 9801081597

E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com



### 'बब डाई'को सकियो छायांकन

सौगात मल्ल र सिम्रन पन्तको मुख्य भूमिका रहेको चलचित्र 'बब डाई' को ४२ औँ दिनमा छायांकन सकिएको छ। काठमाडौँको चन्द्रागिरि र कीर्तिपुर नगरपालिका भित्रका स्थानहरूमै सम्पूर्ण छायांकन सकिएको चलचित्रका निर्देशक प्रवीण श्रेष्ठले जानकारी दिए। प्रवीणका अनुसार निर्माण टिम अब प्रोस्ट प्रोडक्सनमा लागेको छ। दुई गीत बाहेक स्क्रिप्टका दृश्यका सम्पूर्ण छायांकन सकिएको निर्देशक श्रेष्ठले बताएका छन्। रोटेपिङ्ग इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्मस्को सहकार्यमा निर्माण हुने यो चलचित्रमा कीर्तिपुरको एक युवाको कथा छ।



## बल्छी धुर्वे निर्देशित 'गोबर गणेश'को ट्रेलर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गोबर गणेश'को ट्रेलर सार्वजनिक भएको छ। निर्माणपक्षले शुक्रबार काठमाडौंमा कार्यक्रम आयोजना गर्दै ट्रेलर सार्वजनिक गरेको हो।

सार्वजनिक ट्रेलरमा पढ्न नसकेपछि काठमाडौं आएर एक युवकले गरेको संघर्ष देखाइएको छ। पढाईमा कमजोर रहेको एक गाउँले युवकले काठमाडौं आएर जीवन बदल्न गरेको संघर्ष ट्रेलरमा देख्न सकिन्छ।

गाउँमा बसेर कल्पना गरेजस्तो काठमाडौं सहर नरहेको यथार्थ ट्रेलरले देखाउने प्रयास गरेको छ। फोहोर उठाएर जीन्दगी बदल्छु भन्ने विकल्पमा पुगेको युवकको जिन्दगीको कठिन संघर्ष देखाउँदै ट्रेलरले काठमाडौंको संघर्षशील जीवन र त्यसले परिवारको सपनामा पारिरहेको प्रभावलाई प्रष्ट पारेको छ।

घरमा पुलपुलिएर बसेको छोरो सहरमा आएर आफ्नै कमाइमा बाच्नु पर्दाको कठिन समय र आमाले छोरोको दयनीय अवस्था थाहा पाउँदाको क्षण ट्रेलरमा चित्रित छ। गाउँबाट सहर छिर्दा देखेको सपना काठमाडौं आइपुगेपछि कसरी चकनाचुर हुन्छ भन्ने आम नेपाली युवाको कथा ट्रेलरमा देख्न सकिन्छ।

यसअघि निर्माणपक्षले 'गोबर गणेश'को शीर्ष गीत सार्वजनिक गरेको थियो। गीतमा मरिचमान श्रेष्ठको स्वर थियो। चलचित्र 'गोबर गणेश' माघ १ गते रिलिज हुँदै छ। 'गोबर गणेश'लाई मरिचमान श्रेष्ठ (बल्छी धुर्वे)ले निर्देशन गरेका छन्।

बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा निर्माण भइरहेको यो चलचित्रमा बल्छी र वर्षा शिवाकोटीसँगै विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत छन्।

तारानाथ न्यौपाने चिफ एडी रहेको चलचित्रमा योगेश काजी शाहको बीजीएम, शंकर पाण्डेको प्रोडक्सन, शिवराम श्रेष्ठको डीओपी र विपीन मल्लको सम्पादन रहनेछ।

टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ। नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ।

## कमेडी दरबार टिम अब 'अस्ट्रेलिया टुर'मा

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिल्म निर्देशक तथा निर्माता शोभित बस्नेतले 'कमेडी दरबार'को सम्पूर्ण टिमलाई अस्ट्रेलिया टुर गराउने भएका छन्। उक्त टुरका लागि निर्देशक बस्नेत र कमेडी दरबारका विक्की अग्रवालले कागजी सम्झौता समेत गरेका छन्।

निर्देशक बस्नेतले टेलिभिजन शो कमेडी दरबारका टिमसँग अष्ट्रेलिया टुरका लागि कागजी सम्झौता गरेको बताए। उनले भने,'अष्ट्रेलियामा रहेका नेपालीहरूलाई मनोरञ्जन गराउने उद्देश्यले अष्ट्रेलिया टुर गर्न लागिएको हो। उक्त कार्यक्रमका लागि तयारी गरिसकेका छौं।' उनका अनुसार उक्त टुरमा 'कमेडी दरबार'का अधिकांश कलाकार सहभागी रहनेछन्। आगामी फेब्रुअरी महिनाको बीचबाट सुरु हुने यो टुर करिब एक महिनासम्म सञ्चालन हुनेछ। टुरअन्तर्गत सिड्नी, मेलबर्न, ब्रिसबेन, पर्थ, एडिलेड, डार्बिन, न्युक्यासललगायत करिब ८ वटा शहरमा कार्यक्रम आयोजना गरिने निर्देशक बस्नेतले बताए।

कार्यक्रमको तयारीका लागि शोभित बस्नेत चाँडै नै अस्ट्रेलिया प्रस्थान गर्ने तयारीमा छन्। यस कार्यक्रमको प्रस्तुतकर्ता पाल्पा इन्टरटेनमेन्ट रहेको छ भने टुर आयोजकका रूपमा थ्रीकेजी इभेन्ट र पाल्पा इन्टरटेनमेन्ट रहेको छ।

यसैगरी, पाल्पा इन्टरटेनमेन्ट र शोभित बस्नेतले संयुक्त रूपमा अब प्रत्येक दुई महिनामा अस्ट्रेलियामा नियमित कार्यक्रम आयोजना गर्ने योजना पनि सार्वजनिक गरेका छन्। यसअघि शम्भुजित बास्कोटा, यम बराल,आनन्द कार्कीलगायतले अस्ट्रेलियाका विभिन्न शहरमा आफ्नो प्रस्तुती दिइसकेका छन्।

## 'प्रतिवैरम'को एक्सन प्याक टिजर

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक रोशन दासको निर्देशनमा निर्माण भएको चलचित्र 'प्रतिवैरम' को एक्सन प्याक टिजर सार्वजनिक गरिएको छ। राजधानी काठमाडौँमा एक कार्यक्रमको आयोजना गर्दै चलचित्रको १ मिनेट २९ सेकेन्ड लामो टिजर सार्वजनिक गरिएको हो। मधेस केन्द्रित सामाजिक तथा राजनीतिक विषयवस्तुमा आधारित यस चलचित्रको सार्वजनिक टिजरले सिनेमा पूर्ण एक्सन र मधेशमा हुने अपराधको बिषयमा बनेको झल्को दिन्छ। सार्वजनिक टिजरमा दाइजोको कुरा र दाजु बहिनीको प्रेम सम्बन्ध पनि देखाउन खोजिएको छ। यी सबै दृश्यहरूले गर्दा चलचित्र प्रतिक्षित बन्न पुगेको छ।

मुख्य अभिनेता सम्राट दास प्रभावशाली अवतारमा देखिएका छन्। निर्देशक रोशन दासका अनुसार 'प्रतिवैरम' सम्राट दासको




डेब्यु चलचित्र भए पनि यो भूमिका उनको करियरकै महत्वपूर्ण र सम्झनलायक बन्ने विश्वास लिइएको छ।

चलचित्रमा सम्राट दास, सुप्रज्ञा शर्मा, बिरेन्द्र कुशवाहा, आलिशा बस्तोला, रोन्नी यादव, बिकि शाह, नवीन श्रेष्ठ, गीता श्री, अशिष डीके, प्रदीप ढकाल, नारायण बी.के., बिके शाह, रामेश बुढाथोकी लगायत कलाकारहरूको अभिनय रहेको छ।

चलचित्रका सह-निर्देशकमा सन्तोष मल्ल, अग्नि सुवेदी, धिरज राउत र श्रीजना भुजेल रहेका छन्। रेज इन्टरटेनमेन्टले किङ वाईटीसँग सहकार्यमा निर्माण गरेको यस चलचित्रका प्रोडक्सन म्यानेजर कमल सुनार हुन् भने लाइन प्रोडक्सनको जिम्मेवारी पंकज महतोले सम्हालेका छन्। चलचित्रको सम्पादन कविर वोडले गरेका हुन्।

निर्देशक रोशन दासका अनुसार मधेसका वास्तविक कथा, सौन्दर्य र सामाजिक-राजनीतिक समस्यालाई यथार्थपरक ढंगले प्रस्तुत गर्ने उद्देश्यले चलचित्र निर्माण गरिएको हो। चलचित्रमार्फत मधेसको वास्तविक जीवन र संवेदनालाई दर्शकमाझ पुऱ्याउने योजना रहेको उनले बताए। चलचित्रको कथा निर्देशक दास स्वयंको हो भने पटकथा युवराज भट्टराईले लेखेका हुन्।



### साफ यू-महिला च्याम्पियनसिप

## प्रारम्भिक टोली घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** पोखरामा यही जनवरी ३१ देखि फेब्रुअरी ७ सम्म हुने दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१९ महिला च्याम्पियनसिपका लागि नेपालको प्रारम्भिक टोली घोषणा भएको छ।

शुक्रबार मुख्य प्रशिक्षक सुमन श्रेष्ठले ६७ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेका हुन्। छानिएका खेलाडीलाई आइतबार १ बजे सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा पहिलो चरणको छनोटका लागि बोलाइएको छ।

एन्फाले श्रेष्ठलाई मंगलबार मात्र मुख्य प्रशिक्षकका रूपमा सार्वजनिक गरेको थियो। तीन दिनपछि श्रेष्ठले राष्ट्रिय यु-१७ र यु-२० का खेलाडीसँगै गत सेप्टेम्बरमा सम्पन्न एन्फा राष्ट्रिय लिग छनोट खेलेका सम्भावना भएका खेलाडी समेट्दै टोली तयार पारेका हुन्।

टोलीमा गत अक्टोबरमा थाइल्यान्डमा सम्पन्न एएफसी यु-१७ एसियन कप छनोट खेलेका २० जना खेलाडी समावेश छन्। त्यस्तै यु-१५ देखि नेपालको जर्सी लगाउँदै आएका अट्याकिङ मिडफिल्डर सेनु परियार, फरवार्ड वर्षा ओली र सेन्टरब्याक माया मास्केले लगातार तेस्रो पटक माथिल्लो उमेर समूहको साफ च्याम्पियनसिपका लागि प्रारम्भिक टोलीमा स्थान बनाएका छन्।

सेनु, वर्षा र मायाले सन् २०२४ र २०२५ मा ढाकामा भएको साफ यु-१९/२० च्याम्पियनसिपको चौथो र पाँचौं संस्करण खेलेका थिए।

सिनियरतर्फ तीनपटक र तल्लो उमेर समूहतर्फ एकपटक साफ महिला च्याम्पियनसिपको आयोजना गरेको नेपालले पहिलो पटक माथिल्लो उमेर समूहमा साफ टोलीको आतिथ्यता गर्दैछ।

यसअघि सन् २०२४ मा नेपालले साफ यु-१६ च्याम्पियनसिप आयोजना गरेको थियो। त्यही वर्ष सिनियरतर्फ पनि नेपालले आयोजनाको अवसर पाएको थियो।

माथिल्लो उमेर समूहमा नेपाल तीनपटक उपविजेतामा सीमित भएको छ।

### एनभिए च्याम्पियनसिप

## महिलातर्फ उपाधिका लागि पुलिस र न्यु डाइमण्ड भिड्दै

■ प्रभाव संवाददाता



**काठमाडौं–** नवौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको उपाधिका लागि विभागीय टोली नेपाल पुलिस क्लब र न्यु डाइमन्ड स्पोर्ट्स युथ क्लब भिड्ने भएका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शुक्रबार सम्पन्न महिलातर्फको दोस्रो सेमिफाइनलमा त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै पुलिसले न्यु डाइमन्डसँगको भेट पक्का गरेको हो।

न्यु डाइमन्डले शुक्रबार नै अर्को विभागीय टोली एपीएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरिसकेको छ। पुलिसले पहिलो सेट २५-१२ ले सहजै आफ्नो पक्षमा पारेको थियो। तर, दोस्रो सेटमा २९-३१ ले गुमाउन पुग्यो त्यसपछिका सेटमा पुलिसले पुनरागमन गर्दै २५-१४ र २५-१८ को जित निकाल्यो।

### पुरुषतर्फ आर्मी र हेल्प नेपाल फाइनलमा

नवौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको उपाधिका लागि साबिक विजेता हेल्प नेपाल र विभागीय टोली त्रिभुवन आर्मी क्लब भिड्ने भएका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शुक्रबार सम्पन्न दोस्रो सेमिफाइनलमा रुकुम पश्चिमलाई ३-२ को सेटमा पराजित गर्दै आर्मीले फाइनलमा स्थान सुरक्षित गरेको हो।

पहिलो सेमिफाइनलमा हेल्प नेपालले विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटले पराजित गर्दै उपाधिको ढोका खोलिसकेको छ।

आर्मीले पहिलो सेट २५-२० ले जितेको थियो। त्यसपछि बाँकी दुई सेट २३-२५, १५-२५ ले गुमाएको थियो। चौथो सेटमा २६-२४ तथा पाँचौं सेटमा १५-१२ ले विजयी हुँदै हेल्प नेपालसँगको भेट पक्का गरेको हो।

## शिभालीलाई भाटभटेनीको बिदाइ

**काठमाडौं (प्रस)–** अस्ट्रेलियन ओपन अन्तर्गतको इलिट ट्रफी खेल्न जान लागेकी टेनिस खेलाडी शिभाली गुरुङको शुक्रबार बिदाइ गरिएको छ। भाटभटेनी सुपर मार्केट र इन्फिटिनी वेयरले काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेर शिभालीको बिदाइ गरेका हुन्।

टेनिसकी युवा खेलाडी शिभाली यसै महिना अस्ट्रेलियन ओपनको आमन्त्रित इभेन्टको रूपमा रहेको इलिट ट्रफी प्रतियोगिता खेल्न त्यसतर्फ प्रस्थान गर्दैछिन्। क्षेत्रीय स्तरका शीर्ष यू-१४ खेलाडीले प्रतिस्पर्धामा गर्ने इलिटी ट्रफीमा प्रतिस्पर्धा गर्न लागेकी शिभाली पहिलो नेपाली खेलाडी हुन्। एसिया वरियताको तेस्रो स्थानमा रहेकी शिभाली ग्रान्डस्लाम प्रतियोगिताको आमन्त्रित इभेन्टको रूपमा रहेको इलिट ट्रफी खेल्ने पहिलो नेपाली खेलाडी बनेकी छन्।

विश्वको प्रतिष्ठित प्रतियोगिताको रूपमा रहेको अस्ट्रेलियन ओपन इलिटी ट्रफीसम्मको यात्रामा शिभालीलाई सहयोग गर्दै आएको भाटभटेनी र इन्फिनिटी वेयरले शिभालीलाई वैदेशिक यात्राका लागि शुभकामना दिएका छन्।



इटालीको रोममा नयाँ वर्षको परेडमा नृत्य प्रस्तुत गर्दै नर्तकहरू । *तस्बिर: सिन्ह्वा*

# दक्षिण कोरियाका पूर्वराष्ट्रपति युनविरुद्ध पुनः पक्राउ पुर्जी जारी



**सियोल–** दक्षिण कोरियाको एक अदालतले शुक्रबार पूर्वराष्ट्रपति युन सुक योलविरूद्ध पुनः पक्राउ पुर्जी जारी गरेको छ ।

अभियोजनकर्ताहरूले नोभेम्बरमा युनविरूद्ध देशको सत्रुलाई सहयोग गरेको धेरै आरोपमा अभियोग लगाएका थिए । उनले सैन्य शासन घोषणा गर्ने आफ्नो प्रयासलाई बलियो बनाउन उत्तर कोरियामाथि ड्रोन उडानहरू गर्न आदेश दिएका थिए । त्यस मुद्दाको लागि पक्राउ पुर्जीको म्याद जनवरी १८ सम्ममा समाप्त हुनुपर्ने थियो तर शुक्रबारको आदेशले यसलाई अधिकतम छ महिना विस्तार गर्ने छ ।

दक्षिण कोरियाको राजधानी सियोलस्थित जिल्ला अदालतका एक अधिकारीले एएफपीसँग भने, 'उनले आफुमाथि लगाइएका मुद्दामा प्रमाण नष्ट गर्न सक्ने सम्भावनालाई मध्यनजर गद पक्राउ पुर्जी जारी गरिएको हो ।' युन महिनौंदेखि हिरासतमा छन् र उनीविरूद्ध धेरै आपराधिक मुद्दामा अनुसन्धान तथा सुनुवाइ भइरहेको छ । उनले सन् २०२४ डिसेम्बर ३ मा दक्षिण कोरियामा नागरिक शासनलाई केही समयका लागि निलम्बन गरेका थिए । यसले कोरियाली संसद् परिसरबाहिर र राजधानी सियोलसहित देशका प्रमुख सहरमा ठूलो विरोध प्रदर्शन निम्त्यायो । उनलाई अप्रिलमा आधिकारिक रूपमा पदबाट हटाइएको थियो ।

युनलाई गत वर्षको जनवरीमा हिरासतमा लिइएको थियो । उनी दक्षिण कोरियाको इतिहासमा पदमा नै रहेका समय हिरासतमा लिइएको पहिलो बहालवाला राष्ट्रपति बनेका थिए । उनले गिरफ्तारीको विरोध गरेपछि हप्तौंपछि पक्राउ गरिएको थियो ।

उनको सैन्य विद्रोहको सुनुवाइ जारी रहँदा उनलाई मार्चमा प्रक्रियागत आधारमा रिहा गरिएको थियो तर उनले त्यस मुद्दासँग सम्बन्धित प्रमाणहरू नष्ट गर्न सक्ने दाबीसहित जुलाईमा फेरि हिरासतमा लिइएको थियो । अभियोजनकर्ताहरूले न्यायिक कार्यमा बाधा पुर्‍याएको आरोपमा युनलाई १० वर्षको जेल सजाय पनि माग गरिरहेका छन् । सियोलको एक अदालतले जनवरी १६ मा यस मुद्दामा फैसला सुनाउने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# किमकी छोरी उत्तराधिकारी बन्ने संकेत



**सियोल–** उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनकी किशोरी छोरीले पवित्र पारिवारिक समाधिमा गरेको पहिलो सार्वजनिक भ्रमणलाई लिएर उनको सम्भावित उत्तराधिकारीको रूपमा स्थान बलियो बनाउने कदमका रूपमा विश्लेषकहरूले हेरेका छन् । नयाँ वर्षको दिन बिहीबार सम्पन्न उक्त भ्रमणले उत्तर कोरियाको सत्ता राजनीतिमा नयाँ संकेत दिएको बताइएको छ ।

करिब १३ वर्षकी किम जु ए नाम भएकी किशोरीले प्योङयाङस्थित कुमसुसन प्यालेस अफ द सनमा आफ्ना आमाबुबासँगै उपस्थित भई गहिरो सम्मान प्रकट गरेकी थिइन् । यही दरबारमा उनका दिवंगत जिजुहजुरबुबा किम जोङ इल र हजुरबुबा किम इल सुङको शव संरक्षण गरी राखिएको छ । शुक्रबार सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किम जु ए अगाडिको पंक्तिमा उभिएर श्रद्धापूर्वक नमन गरिरहेकी देखिन्छिन् ।

दक्षिण कोरियाको निजी सेजोङ संस्थानका उपप्रमुख चेओङ सेओङ-चाङका अनुसार कुमसुसन दरबारलाई उत्तर कोरियाली शासनको वैधताको प्रतीक मानिन्छ । उनका अनुसार वर्कर्स पार्टीको आगामी कांग्रेसको सन्दर्भमा किम जु एलाई त्यहाँ उपस्थित गराइनु राजनीतिक रूपमा योजनाबद्ध कदम हो, जसले उनलाई भावी उत्तराधिकारीका रूपमा प्रस्तुत गर्ने उद्देश्य बोकेको हुनसक्छ ।

४१ वर्षीय किम जोङ उन सन् १९४८ मा उत्तर कोरियाको स्थापना भएयता शासन गर्दै आएको किम परिवारको तेस्रो पुस्ता हुन् । उनले प्रायः प्रमुख राज्य वार्षिकोत्सवका अवसरमा कुमसुसन दरबारमा पुगेर आफ्ना पिता र हजुर बुबाप्रति श्रद्धा अर्पण गर्ने परम्परालाई निरन्तरता दिँदै आएका छन् । चेओङ सेओङ-चाङले किम जोङ उनले आगामी वर्कर्स पार्टी कांग्रेसमा आफ्नी छोरीलाई पार्टीको पहिलो सचिवजस्तो महत्त्वपूर्ण पद दिन सक्ने सम्भावना औंल्याएका छन् । तर अन्य केही विज्ञहरूको मतमा किम जु ए यति उच्च-प्रोफाइल जिम्मेवारी सम्हाल्न अझै कम उमेरकी छन्, त्यसैले उनलाई तल्लो तहको पदबाट राजनीतिक अभ्यास सुरु गराउन सकिने अनुमान गरिएको छ ।

पाँच वर्षपछि हुन लागेको यो कांग्रेसको उद्देश्य राज्यका नीतिगत प्राथमिकता पुनः निर्धारण गर्नु र नेतृत्व तहमा फेरबदल गर्नु हो । उत्तर कोरियाले कांग्रेसको मिति औपचारिकरूपमा सार्वजनिक नगरे पनि दक्षिण कोरियाली गुप्तचर निकायका अनुसार यो जनवरी वा फेब्रुअरी महिनामा हुनसक्ने सम्भावना छ ।

नोभेम्बर २०२२ मा पहिलोपटक राज्य सञ्चारमाध्यममा देखापरेपछि किम जु ए आफ्ना बुबासँग सैन्य परेड, अन्तरमहादेशीय मिसाइल प्रक्षेपणलगायतका महत्त्वपूर्ण कार्यक्रममा निरन्तर सहभागी हुँदै आएकी छन् । सेप्टेम्बरमा उनी आफ्ना बुबासँगै बेइजिङ भ्रमणमा गएकी थिइन् । यसै साता नयाँ वर्षको उत्सवका क्रममा उनले आफ्ना बुबाको गालामा चुम्बन गर्दै निकट पारिवारिक सम्बन्धसमेत सार्वजनिक रूपमा देखाएकी छन् ।

जनवरी २०२४ मा दक्षिण कोरियाली गुप्तचर एजेन्सीले किम जु एलाई किम जोङ उनको सम्भावित उत्तराधिकारीका रूपमा मूल्यांकन गरिएको जनाएको थियो । यद्यपि, उनको कम उमेर र उत्तर कोरियाको शक्ति संरचना अत्यन्त पुरुषप्रधान रहेको तथ्यलाई आधार बनाएर केही अन्तर्राष्ट्रिय विज्ञहरूले उक्त मूल्यांकनप्रति असहमति जनाउँदै आएका छन् । *रासस/एपी*

## साउदी अरेबियाको एआई र डिजिटल नवप्रवर्तनमा ऐतिहासिक कदम

**रियाध–** साउदी अरेबियाले बिहीबार रियाधमा हेक्सागन डेटा केन्द्रको शिलान्यास गरेको छ । अधिकारीहरूले जनाएअनुसार यो डेटा केन्द्र मेगावाट क्षमताका हिसाबले विश्वकै ठूलो सरकारी स्वामित्वको केन्द्र बन्ने छ ।

यस केन्द्रको क्षमता ४८० मेगावाट रहने र २.८ लाख वर्गमिटर क्षेत्रमा फैलिने छ । साउदी डेटा तथा कृत्रिम बुद्धिमत्ता (एआई) प्राधिकरणले सञ्चालन गर्ने यस परियोजनाले राज्यको द्रुतरूपमा विस्तार भइरहेको इलेक्ट्रोनिक सरकार प्लेटफर्म र डिजिटल सेवाहरूका लागि अधिकतम उपलब्धता सुनिश्चित गर्ने उद्देश्य राखेको छ ।

प्राधिकरणका अध्यक्ष अब्दुल्लाह बिन शराफ अल्घामदीले उद्घाटन समारोहमा भने, 'हामी एकीकृत डिजिटल पारिस्थितिकी तन्त्र निर्माणमा केन्द्रित छौं ।' उनले यस परियोजनालाई राष्ट्रिय प्रतिस्पर्धात्मकताको आधारको रूपमा प्रस्तुत गर्दै यसले देशभित्र कृत्रिम बुद्धिमत्ता क्षेत्रमा विशेषज्ञता विकास गर्ने र अन्तर्राष्ट्रिय प्रविधि लगानी आकर्षित गर्ने विश्वास व्यक्त गरे ।

यस परियोजनाले साउदी भिजन सन् २०३० का उद्देश्यहरूसँग मेल खाने छ, जसमा 'दिगो ज्ञानआधारित अर्थतन्त्र निर्माण र उन्नत प्रविधिमा विश्व नेतृत्व हासिल गर्ने' लक्ष्य समावेश छ । *रासस/सिन्ह्वा*

# नयाँ वर्षमा एआई प्रभावः सेयर बजारको स्थिति सुदृढ



**टोकियो–** एसियाली सेयर बजारहरूले सन् २०२६ को सुरुआत सकारात्मकरूपमा गरेका छन् । यद्यपि टोकियो र सांघाई बजार बिदाका कारण बन्द रहेकाले कारोबारको मात्रा भने कम देखिएको छ । लगानीकर्ता अहिले संयुक्त राज्य अमेरिकाको वाल स्ट्रिटबाट नयाँ संकेतको प्रतीक्षामा छन् ।

सन् २०२५ मा विश्व सेयर बजारले उल्लेखनीय वृद्धि देखाएको थियो । अमेरिकाको एस एण्ड पी ५०० सूचकांक १६.४ प्रतिशतले बढ्यो भने प्रविधिकेन्द्रित नास्डयाक २०.४ प्रतिशतले उकालो लागेको थियो । बेलायतको एफटिएसई सूचकांकले पनि १६ वर्षयताकै उत्कृष्ट प्रदर्शन गरेको थियो ।

एसियामा दक्षिण कोरियाको सेयर बजार सन् २०२५ मा करिब ७५ प्रतिशतले उकालो लागेको थियो । हङकङको हाङ सेङ सूचकांक २८ प्रतिशतले बढ्यो भने जापानको निक्केई २२५ सूचकांक २६ प्रतिशतभन्दा बढीले उक्लिएको थियो ।

विश्लेषक काइल रोड्डाका अनुसार नयाँ वर्षको सुरुआतसँगै सबैको प्रश्न एउटै हुन्छ- के यो वृद्धि निरन्तर रहला ? बजारको साझा धारणाअनुसार यो सकारात्मक प्रवृत्ति जारी रहने अपेक्षा गरिएको छ । उनका अनुसार अमेरिकी अर्थतन्त्रमा वृद्धिदर बढ्ने, मुद्रास्फीति नियन्त्रणमा रहने र ब्याजदर घट्ने अनुमान गरिएको छ, जसले सेयर बजारलाई थप बल पुर्‍याउने छ ।

शुक्रबार हङकङको सेयर बजार २.२ प्रतिशतले बढ्यो । चिप डिजाइन कम्पनी बिरेन टेक्नोलोजिज आफ्नो प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) पछि ८० प्रतिशतले उकालो लाग्यो । उक्त कम्पनीले ७० करोड अमेरिकी डलरभन्दा बढी रकम संकलन गरेको छ, जसले कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी लगानीप्रति लगानीकर्ताको चासो अझै बलियो रहेको देखाएको छ ।

यसैबीच, चिनियाँ खोज इञ्जिन कम्पनी बाइडुले आफ्नो एआई चिप एकाइ 'कुनलुनसिन' हङकङमा सूचीकृत हुने प्रक्रिया अघि बढाएको घोषणा गरेपछि बाइडुको सेयर करिब सात प्रतिशतले बढ्यो । ताइपेई, सिड्नी, जकार्ता, मनिला र सिंगापुरका सेयर बजारहरू पनि उकालो लागेका छन् । दक्षिण कोरियाको कोस्पी सूचकांक १.७ प्रतिशतले बढ्यो । सामसुङ इलेक्ट्रोनिक्सको सेयर तीन प्रतिशतले बढेको छ, जहाँ कम्पनीका उच्च ब्याण्डविथ मेमोरी चिपप्रति ग्राहकको सकारात्मक प्रतिक्रिया आएको बताइएको छ । *रासस/एएफपी*

# श्रीलंकाद्वारा अंग्रेजी पाठ्यक्रमको समलिंगी वेबसाइट लिंकमाथि अनुसन्धान सुरु

**कोलम्बो–** ११ र १२ वर्ष उमेर समूहका बालबालिकाका लागि तयार पारिएको सरकारी अंग्रेजी पाठ्यक्रममा समावेश गरिएको एक अनलाइन लिंकले विद्यार्थीहरूलाई समलिंगी च्याट वेबसाइटतर्फ निर्देशित गरेको खुलासा भएपछि श्रीलंकाले आपराधिक अनुसन्धान सुरु गरेको छ । उक्त विषय सार्वजनिक भएपछि शुक्रबार शिक्षा मन्त्रालयले प्रहरीसमक्ष औपचारिक उजुरी दर्ता गर्दै घटनाको वास्तविक कारण पत्ता लगाउन आन्तरिक अनुसन्धानसमेत अघि बढाएको छ ।

शिक्षा मन्त्रालयका सचिव नालाका कालुवेवले यस घटनापछि आफूहरू गम्भीररूपमा चिन्तित भएको बताए । 'हामीलाई यो विषयमा तोडफोड भएको शंका छ,' उनले भने, 'शिक्षा क्षेत्रमा सुधार कार्यान्वयनको चरणमा छौं र यो प्रयास ती सुधारहरू अवरुद्ध गर्ने उद्देश्यले गरिएको हुनसक्छ ।'

ग्रेड सिक्सका विद्यार्थीहरूका लागि तयार गरिएको अंग्रेजी पाठ्यक्रममा भाषा सीप सुधार गर्न 'पेन-पाल' खोज्न सकिने भन्दै 'ब्याड ब्वाइज क्लब' शीर्षकको अनलाइन च्याट वेबसाइट बड्डी डट नेटको उल्लेख गरिएको थियो । उक्त वेबसाइटले प्रयोगकर्ताहरूलाई 'तपाईंको कामुक पक्ष देखाउन' आमन्त्रण गर्ने सामग्री राखेको पाइएको छ, जसले साना बालबालिकाका लागि अत्यन्तै अनुपयुक्त सामग्रीतर्फ संकेत गरेको भन्दै आलोचना भएको छ ।

श्रीलंकामा समलिंगी गतिविधि कानुनीरूपमा अझै पनि अपराध मानिन्छ । यहाँ समलिंगी सम्बन्धका लागि अधिकतम १० वर्षसम्मको जेल सजायको व्यवस्था छ । यद्यपि, हालका वर्षहरूमा यस्ता मुद्दामा अभियोजनको संख्या भने निकै कम रहेको बताइन्छ । यस संवेदनशील पृष्ठभूमिमा विद्यालय पाठ्यक्रममै यस्तो वेबसाइटको सन्दर्भ आउनुले सामाजिक र राजनीतिक तहमा व्यापक चासो र असन्तोष पैदा गरेको छ ।

घटना बाहिरिएपछि अधिकारीहरू तत्काल सक्रिय भएका छन् । दूरसञ्चार नियामक आयोगलाई स्थानीय इन्टरनेट सेवा प्रदायकहरूमार्फत उक्त वेबसाइटमा पहुँच रोक्न निर्देशन दिइएको छ । शिक्षा मन्त्रालयले यसलाई गम्भीर गल्तीका रूपमा लिँदै सुधारात्मक कदम चालेको जनाएको छ ।

सचिव कालुवेवका अनुसार १६५ पृष्ठ लामो उक्त अंग्रेजी पाठ्यक्रम अंग्रेजी विषयका प्राध्यापकहरू सहित तीनवटा छुट्टाछुट्टै टोलीले जाँच गरेका थिए । तर तीमध्ये कुनै पनि टोलीले उक्त त्रुटि समयमै पत्ता लगाउन नसकेको उनले स्वीकार गरे । उनका अनुसार विद्यालयमा नयाँ सत्र सोमबार सुरु हुनुअघि नै चार लाख प्रतिलिपिबाट उक्त च्याट साइटमा जाने सन्दर्भ हटाएर पाठ्यक्रम वितरण गरिएको थियो ।

पाठ्यक्रममा यसबाहेक पनि थुप्रै हिज्जे त्रुटिहरू रहेको पाइएको छ । पाठ्यक्रम तयार पार्ने लेखकहरूले सामग्री तयार गर्दा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्लेटफर्मको सहयोग लिएको स्वीकार गरेका छन्, जसले गुणस्तर नियन्त्रणमा कमजोरी देखाएको आलोचना बढाएको छ । *रासस/एएफपी*


**दुप्चेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**समुन्द्रटार, नुवाकोट**

**बागमती प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथप मपटक सूचना प्रकाशित मिति २०८२/०९/१९**

यस दुप्चेश्वर गाउँपालिका कार्यालयबाट मिति २०८२/०८/१० गते राष्ट्रिय स्तरको दैनिकमा पत्रिकामा प्रकाशित सूचना अनुसार निर्माणकार्यको लागि म्यादभित्र E-Bid मार्फत रितपुर्बक दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्यबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र. स. | ठेक्का नं | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अंक |
|---|---|---|---|---|
| 1 | DRM/NUW/ROAD/ NCB/082/083/01 | Upgrading of Bolgaun Dhade Bepcho Road ward No. 2 | H.B Saipal Construction Tokha ward no.10 | 75,15,466.80 |
| 2 | DRM/NUW/ROAD/ NCB/082/083/02 | Upgrading of Katuwakhola Ward Office Serang Road Ward 7 | Golden Construction Pvt. Ltd. Tokha-04, Kathmandu | 64,04,288.33 |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २६२५०० | प्रति तोला - ० | प्रति तोला - ४५२५ |



तोरी पहेंलै | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० झलारीका किसानको खेतमा पहेँलपुर भएर फुलेको तोरी ।
*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# वित्तीय संस्थाको बचत र कर्जामा बागमतीको हिस्सा सबैभन्दा बढी

■ प्रभाव संवाददाता



**काठमाडौं–** बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी देखिएको छ ।

नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदनअनुसार २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६५ दशमलव आठ प्रतिशत र कुल कर्जा प्रवाहमा ५९ दशमलव पाँच प्रतिशत रहेको छ ।

गत आर्थिक वर्ष २०८१/८२ सम्ममा बैंक तथा वित्तीय संस्थाले कुल रु ७२ खर्ब ९५ अर्ब ६९ लाख ३० हजार बराबर निक्षेप संकलन गर्दा बागमती प्रदेशबाट मात्र रु ४७ खर्ब ९७ अर्ब ५९ करोड ८७ लाख बराबर निक्षेप उठेको छ ।

यस्तै, कोशीबाट रु पाँच खर्ब ५३ अर्ब तीन करोड ७९ लाख, मधेस प्रदेशबाट रु चार खर्ब सात अर्ब ७३ करोड ७२ लाख, गण्डकीबाट रु छ खर्ब १२ अर्ब २९ करोड ५७ लाख, कर्णालीबाट रु ९१ अर्ब नौ करोड र सुदूरपश्चिमबाट रु एक खर्ब ७३ अर्ब ८३ करोड बराबर निक्षेप संकलन भएको छ ।

यस्तै, गत असार मसान्तसम्म कुल रु ५५ खर्ब ८६ अर्ब २९ करोड २२ लाख बराबरको कर्जा प्रवाह हुँदा बागमती प्रदेशबाट मात्र रु ३३ खर्ब २३ अर्ब ३१ करोड ६१ लाख बराबर ऋण लगानी भएको छ । कोशी प्रदेशबाट रु छ खर्ब १३ अर्ब ३८ करोड ९६ लाख, मधेस प्रदेशबाट रु चार खर्ब ९५ अर्ब ८६ करोड, गण्डकीबाट रु तीन खर्ब ५६ अर्ब ९२ करोड ५७ लाख, लुम्बिनीबाट रु पाँच खर्ब ७७ अर्ब २७ करोड ६१ लाख, कर्णालीबाट रु ६२ अर्ब १२ करोड र सुदूरपश्चिमबाट रु एक खर्ब ५७ अर्ब ४० करोड ४१ लाख बराबर कर्जा प्रवाह भएको छ ।

राष्ट्र बैंकका अनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा शून्य दशमलव ०४ प्रतिशतले घटेर रु तीन खर्ब ३६ अर्ब ७३ करोड पुगेको छ । गत वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु ६१ अर्ब १९ करोड कर्जा पशुपालन पशु बधशाला शीर्षकमा र सबैभन्दा कम सुर्तीमा रु २० करोड ६५ लाख प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६ दशमलव सात, मधेसको १८ दशमलव सात, बागमतीको ३६ दशमलव दुई, गण्डकीको सात दशमलव एक, लुम्बिनीको १५, कर्णालीको एक दशमलव पाँच र सुदूरपश्चिम प्रदेशको चार दशमलव सात प्रतिशत रहेको छ ।

यसैगरी गत असार मसान्तसम्ममा औद्योगिक क्षेत्रमा रु १६ खर्ब ९९ अर्ब ४९ करोड कर्जा प्रवाह भएको छ । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३० दशमलव ४२ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७, विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६ दशमलव २६, कृषि, वन तथा पेयपदार्थसम्बन्धी उद्योगमा २१ दशमलव ८५, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ७०, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी उद्योगमा चार दशमलव २३ प्रतिशत र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा शून्य दशमलव ६९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

प्रतिवेदनअनुसार गत असार मसान्तसम्म प्रवाहित औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु १२ खर्ब ८० अर्ब ९७ करोड अर्थात् यस शीर्षकमा प्रवाहित वार्षिक कर्जाको ७१ दशमलव तीन प्रतिशत रहेको छ । त्यसपछि कोशीको नौ दशमलव पाँच र लुम्बिनी प्रदेशको आठ दशमलव तीन प्रतिशत रहेको छ । मधेसको सात दशमलव पाँच, गण्डकीको एक दशमलव छ, कर्णालीको शून्य दशमलव दुई र सुदूरपश्चिमको एक दशमलव छ प्रतिशत रहेको छ ।

यस्तै, सेवा क्षेत्रमा गत आवको अन्त्यसम्म कर्जा प्रवाह रु २१ खर्ब ८४ अर्ब चार करोड पुगेको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश मात्रै ३९ दशमलव एक प्रतिशत हुन आउँछ । सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा बिक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४७ दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छभने 'रियल स्टेट' उपक्षेत्रमा १२ दशमलव दुई, पर्यटन उपक्षेत्रमा ११ दशमलव आठ, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ११ दशमलव तीन, शिक्षामा छ दशमलव छ, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा तीन दशमलव सात, अन्य सेवा उपक्षेत्रमा तीन दशमलव सात प्रतिशत र स्वास्थ्य र  अन्य सामाजिक कार्यसम्बन्धी उपक्षेत्रमा तीन दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छ ।

सेवा क्षेत्रअन्तर्गत प्रवाहित कर्जामा बागमती प्रदेशको हिस्सा ५९ दशमलव पाँच प्रतिशत रहेको छ । यस्तै, लुम्बिनीको १० दशमलव तीन, कोशीको १० दशमलव एक र मधेस प्रदेशको नौ प्रतिशत रहेको छ । यस्तै, गण्डकीको छ दशमलव नौ, कर्णालीको एक दशमलव एक र सुदूरपश्चिम प्रदेशको तीन प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

# 'जलविद्युत् परियोजनाका चुनौती सहमतिमै समाधान गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**ललितपुर–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले जलविद्युत् परियोजना अघि बढाउने क्रममा देखिने व्यक्तिगत जग्गा, वन क्षेत्र तथा स्थानीय समुदायसँग सम्बन्धित समस्या स्थानीय तह र संघीय सरकारबीचको समन्वयबाट समाधान गर्नुपर्ने बताएका छन् ।

उनले जलविद्युत् राष्ट्रको आर्थिक समृद्धिको मुख्य आधार भएकाले परियोजना कार्यान्वयनसँगै देखापर्ने समस्यालाई सहमतिका आधारमा समाधान गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । आदिवासी जनजाति आयोगद्वारा ललितपुरमा आयोजित 'जलविद्युत् परियोजनाले आदिवासी जनजाति समुदायमा पारेको प्रभाव र समाधानसम्बन्धी उच्चस्तरीय छलफल कार्यक्रममा मन्त्री घिसिङले जलविद्युत् परियोजना कार्यान्वयन गर्दा जग्गा अधिग्रहण, वन प्रयोग तथा स्थानीय समुदायको जीवनशैलीमा असर पर्ने विषय संवेदनशील हुने उल्लेख गरे ।

मन्त्री घिसिङका अनुसार तनहुँ हाइड्रोपावर परियोजनाको हालसम्म करिब ६० प्रतिशत भौतिक प्रगति भइसकेको छ । परियोजनाअन्तर्गत प्रभावित ९५ प्रतिशत जग्गाधनीले मुआब्जा प्राप्त गरिसकेका छन् । केही जग्गाधनीले नगद मुआब्जाको सट्टा जग्गाको बदलामा जग्गा उपलब्ध गराउनुपर्ने माग राखेकाले अझै केही समस्या समाधान गर्न बाँकी रहेको उनले बताए । दातृ निकायको मापदण्डअनुसार नै यस्ता विषयको समाधान गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले परियोजनाको सामाजिक पक्षप्रति सरकार गम्भीर रहेको स्पष्ट पारे ।

जलविद्युत् परियोजनाले आदिवासी जनजाति समुदायमा पारेको प्रभावलाई मध्यनजर गर्दै त्यसको समाधानका लागि सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ । उनले भने, 'परियोजनाका नाममा स्थानीय र आदिवासी जनजातिका समस्या बेवास्ता गर्न मिल्दैन, सहमतिका आधारमा समाधान खोज्नुपर्छ ।' उनले एसियाली विकास बैंक (एडीबी) र विश्व बैंक जस्ता दातृ निकायका गाइडलाइनअनुसार काम गर्दा केही जटिलता आउने भए पनि यसले स्थानीय तथा आदिवासी जनजातिको समस्या समाधान नगर्ने भन्ने अर्थ नलाग्ने स्पष्ट पारे ।

ग्लोबल आइएमई बैंकको १९औं वार्षिकोत्सव

# सामाजिक उत्तरदायित्वका १९ कार्यक्रम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १९औं वार्षिकोत्सवलाई विशेष बनाउँदै संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत १९ वटा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ । बैंकले यसपटक पनि वार्षिकोत्सवको अवसर पारेर ठूलो स्तरको सामाजिक योगदान दिने कार्यक्रमहरू अगाडि सारेको हो ।

गत वर्ष १८औं वार्षिकोत्सवका अवसरमा बैंकले मानविय सहयोग, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता लगायत कार्यक्रम आयोजना गरेको थियो । बैंकले आफ्नो १८औं वार्षिकोत्सवका अवसरमा मुलुकभर १८ हजार विरुवाहरू रोप्ने कार्यक्रम घोषणा गरेको थियो । गत वर्ष बैंकले स्थानीय तह, स्थानीय संघसंस्था तथा सामुदायिक संस्थाहरूको सहकार्यमा वातावरण संरक्षण, जिबिकोपार्जन तथा आयआर्जनमा उपयोगी करिब २१ हजार विरुवा रोपण गरेको थियो ।

१९औं वार्षिकोत्सवका अवसरमा बैंकले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता तथा मानविय सहयोग, आयआर्जन अभिवृद्धिलाई प्राथमिकता दिदै दुर्गम क्षेत्र, गरिव, विपन्न तथा न्यून आय भएका समुदायलाई लक्षित गरी यी कार्यक्रमहरू देशव्यापी रूपमा सञ्चालन गर्नेछ ।

यी कार्यक्रमहरू मध्ये ग्लोबल आइएमई स्वस्थ नारी पहल एक महत्वपूर्ण कार्यक्रम हो । जसअन्तर्गत बैंकले सातवटै प्रदेशमा १४ वटा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गर्नेछ । शिविरमा स्त्रीरोग विशेषज्ञहरूले स्वास्थ्य जाँच, पाठेघरको क्यान्सर (भीआईए) परीक्षण, गर्भाशय प्रोल्याप्स उपचार तथा औषधि वितरण जस्ता सेवाहरू प्रदान गरिनेछ । यसरी शिविरको क्रममा प्रारम्भिक अवस्थामा पत्ता लागेका तथा गम्भीर बिरामी महिलाहरूको शल्यक्रिया उपचार दोस्रो चरणमा समेत गरिनेछ ।

विगत पाँच वर्षदेखि नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सञ्चालित यो कार्यक्रमबाट हालसम्म १० हजारभन्दा बढी महिलाहरू लाभान्वित भइसकेका छन् ।

त्यसैगरी, बैंकले सात प्रदेशका सात स्थानमा वृहत् आँखा जाँच तथा मोतियाबिन्दु शल्यक्रिया शिविर आयोजना गर्नेछ ।

गरिब, विपन्न तथा न्यून आय भएका व्यक्तिहरूलाई लक्षित यो कार्यक्रमले पैसाको अभावमा उपचार नपाएका दुर्गम क्षेत्रका गरिब, विपन्न तथा न्यून आयभएका व्यक्तिहरूको आँखाको समस्याको उपचारमा सहयोग हुने विश्वास बैंकले लिएको छ ।  यसका साथै, बैंकले सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत १,५०० गरिब, विपन्न तथा न्यून आय भएका विद्यार्थीहरूको आखाँ जाँच गरी आवश्यक चश्मा निःशुल्क रूपमा वितरण गर्नेछ ।

त्यसैगरी, बैंकले सात वटै प्रदेशमा स्वास्थ्य शिविरहरू पनि सञ्चालन गरी गरिब तथा न्यून आयभएका समुदायलाई स्वास्थ्य सेवा पुऱ्याउनेछ । यसका साथै, जटिल तथा दीर्घ रोगका विरामीहरूको उपाचारको लागि बैंकले आर्थिक सहयोग उपलब्ध गराउने भएको छ । स्थानीय निकाय तथा स्वास्थ्य संस्थाको सिफारिसमा बैंकले जटिल रोगको उपचारमा निश्चित रकम सहयोग प्रदान गरिनेछ ।

शिक्षा क्षेत्रमा बैंकले गरिब तथा जेहेन्दार छात्राहरूलाई कक्षा ६ देखि १२ सम्म छात्रवृत्ति प्रदान गर्दै आएको छ । विगत पाँच वर्षमा १४० छात्रालाई लाभान्वित गरेको यो कार्यक्रम यस वर्ष थप ७७ जनासहित छात्राहरूमा विस्तार हुनेछ । दुर्गम विद्यालयहरूमा पुस्तकालय निर्माण, १,००० जना विद्यार्थीलाई विद्यालय पोसाक तथा शैक्षिक सामग्री वितरण, प्राथमिक उपचारको तालिम तथा सामग्री हस्तान्तरण जस्ता कार्यक्रमहरू पनि समावेश छन् ।

त्यसैगरी, बैंकले अर्थशास्त्र, व्यवस्थापन तथा कानुन संकायमा उच्च शिक्षा अध्ययनरत गरिब तथा जेहेन्दार विद्याथीलाई एमफिल तथा पीएचडी शोध, अनुसन्धानका लागि वित्तीय सहयोग प्रदान गरिनेछ । वातावरण संरक्षणतर्फ ग्लोबल ग्रिन स्कूल कार्यक्रमअन्तर्गत प्लास्टिक विस्थापन, वृक्षारोपण, सरसफाई तथा फोहोर संकलन केन्द्र स्थापना गरिनेछ । स्थानीय तहसँग समन्वय गरी फोहोर व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

रक्तदान कार्यक्रम मुख्य शहरहरूमा आयोजना गरिनेछ भने आश्रम, बालगृहका बालबालिकालाई खाद्यान्न तथा अन्य सहयोग प्रदान गरिनेछ ।  सूचना प्रविधिको विकास र आधुनिक प्रविधिको अबलम्बनसँगै बालबालिकाहरूमा देखा परेको अटिजमको बारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई आवश्यक सहयोग प्रदान गरिनेछ ।

त्यसैगरी, स्वस्थ र अनुशासित युवा जनशक्ति निर्माण गरी राष्ट्र निर्माणमा सहयोग गर्ने उद्देश्यले बैंकले दुर्गम क्षेत्रका गरिब, विपन्न तथा न्यून आय भएका समुदाय तथा विद्यालयमा खेलकुद सामग्री वितरण गर्ने छ । साथै, बैंकले आय आर्जन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उद्यमशाला कार्यक्रम सञ्चालन गर्नेछ । यस  उद्यमशाला कार्यक्रमअन्तर्गत गरिब तथा न्यून आय भएका व्यक्तिहरूलाई व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गर्नेछ ।

बैंकले आफ्ना ३५२ वटै शाखाहरूमार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विद्युतीय ठगी तथा चोरी न्यूनीकरणका लागि सचेतना फैलाउनुका साथै अधिकतम् जनसंख्यालाई बैंकिङ्ग प्रणालीमा समावेश गर्ने कार्यक्रमहरूको आयोजना गर्नेछ ।  यी सबै पहलले समाजका कमजोर वर्गलाई प्रत्यक्ष लाभ पुऱ्याउने र दीर्घकालीन विकासमा योगदान दिने अपेक्षा गरिएको छ ।

ग्लोबल आइएमई बैंकले यसरी वार्षिकोत्सवलाई सामाजिक उत्तरदायित्वसँग जोडेर नेपालको बैंकिङ क्षेत्रमा नयाँ उदाहरण प्रस्तुत गरेको छ । बैंकका कार्यक्रमहरूमा मुलुकका सातवटै प्रदेशलाई समेट्ने गरी गरिब, विपन्न तथा न्यून आय भएका समुदायलाई समावेश गरिनेछ । यो प्रयासले स्वास्थ्य, शिक्षा तथा वातावरणीय जागरणमा ठूलो प्रभाव पार्ने विश्वास गरिएको छ ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

# मुक्तिनाथ विकास बैंकको वार्षिकोत्सव कार्यक्रम सम्पन्न



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडको २०औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । बैंकले २० वर्ष पूरा गरेको अवसरमा 'कृषिलाई सशक्त बनाउँदै, विकासलाई सक्षम बनाउँदै' भन्ने नारासहित बिहीबार 'मुक्तिनाथ कृषि वित्त ३६०' कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियार, कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रलगायत विभिन्न सरोकारवाला, बैंकका ग्राहक, कृषि उद्यमी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा मन्त्री परियारले कृषि क्षेत्रको रूपान्तरणमा वित्तीय संस्थाको भूमिका निर्णायक हुने उल्लेख गरे । मुक्तिनाथ विकास बैंकले विगत दुई दशकदेखि खेलेको योगदानको उनले प्रशंसा गरे ।

'नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । तर कृषिलाई आधुनिक, प्रतिस्पर्धी र व्यावसायिक बनाउन पर्याप्त पुँजी, प्रविधि र बजार पहुँच आवश्यक छ,' मन्त्री परियारले भने, 'यसका लागि बैंक तथा वित्तीय संस्थाहरूको सक्रिय सहभागिता अपरिहार्य हुन्छ । मुक्तिनाथ विकास बैंकले कृषि वित्तमा विशेष ध्यान दिएर किसान र उद्यमीलाई जोड्ने काम गरेको छ, जुन उदारणीय छ ।'

उनले राज्य एक्लैले कृषि क्षेत्रको समग्र विकास गर्न नसक्ने उल्लेख गर्दै निजी क्षेत्र, बैंक तथा सहकारीसँग सहकार्य गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । 'सरकार नीतिगत सहजीकरणका लागि प्रतिबद्ध छ । कृषि कर्जा, बिमा, प्रविधि र बजार एकैसाथ जोड्न सके मात्र किसानको जीवनस्तर सुधार हुन्छ,' उनले भने ।

कार्यक्रममा मन्तव्य राख्दै मन्त्रालयका सचिव मिश्रले कृषि क्षेत्रमा वित्तीय जोखिम व्यवस्थापन र दिगो लगानीको आवश्यकता औंल्याए । उनले 'कृषि वित्त ३६०' जस्ता कार्यक्रमहरूले सरकारी नीति र कार्यान्वयनबीच सेतुको काम गर्ने उल्लेख गरे । 'मन्त्रालयले अघि सारेका कृषि आधुनिकीकरण र मूल्य शृंखला विकासका कार्यक्रमहरू सफल बनाउन निजी बैंकहरूको सक्रिय सहभागिता अपरिहार्य छ । मुक्तिनाथ विकास बैंकले यो दिशामा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ,' उनले भने ।

बैंकका अध्यक्ष खेमप्रसाद मल्लले बैंकको २० वर्षे यात्राबारे चर्चा गर्दै कृषि, साना तथा मझौला उद्यम र ग्रामीण अर्थतन्त्रलाई केन्द्रमा राखेर सेवा विस्तार गर्दै आएको बताए । उनले भने, 'मुक्तिनाथ कृषि वित्त ३६०' कार्यक्रममार्फत किसानलाई कर्जा मात्र होइन, डिजिटल बैंकिङ, बिमा, परामर्श र बजारसँग जोड्ने प्रयास गरिएको छ ।'

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ